# सामुदायिक वन कार्यक्रमका सिकाइहरु

## राष्ट्रिय कार्यशाला गोष्ठी

भदौ २५-२६, २०५९

*सिकाइ* ***(adaptive)*** *र सहकार्यबाट वन व्यवस्थापनमा सुधार गर्दै जाने पद्धतिहरुले कसरी न्यायोचितता, जीविकोपार्जन तथा वनमा सुधार ल्याउन सकिन्छ ?*

प्रतिवेदन

आयोजक

आर्थिक सहयोग

साझेदार संस्थाहरु

**ACM Research Team/ CIFOR, Kaski**

पार्क भिलेज होटल, काठमाडौं
नेपाल

कभर पेजमा प्रयोग गरिएको पृष्ठभूमि गैह्र काष्ठ वन पैदावारबाट (अल्लो) बनाएको कपडाको फोटो हो । यो प्रति राजकुमार पाण्डे (एन्साब) बाट उपलब्ध भएको थियो ।

# विषय सुची


१. उद्घाटन सत्र
- १.१. स्वागत भाषण
- १.२. ACM को पृष्ठभूमि र कार्यशाला गोष्ठीको रुपरेखा
- १.३. उद्घाटन भाषण

२. विषय वस्तुगत (थिम) अनुसारका प्रस्तुतिहरु
- २.१. सुशासन
- २.२. सिकाई (Adaptive) तथा सहकार्यात्मक व्यवस्थापन (ACM)
- २.३. जीविकोपार्जन
- २.४. लैंगिक समानता तथा सामाजिक न्यायोचितता
- २.५. वनको दिगोपना र जैविक विविधताको संरक्षण
- २.६. विषय वस्तु (थिम) का प्रस्तुतिहरुको संस्लेषण

३. विषय वस्तु अनुसारका साना गोष्ठीहरु

४. साना गोष्ठीबाट निस्केका निश्कर्षहरुमाथि प्लेनरीमा छलफल

५. सामुदायिक वनमा देखा परेका प्रमुख चुनौतिहरुको पहिचान
- ५.१ सुशासनसँग सम्वन्धित चुनौतिहरु
- ५.२ ACM सँग सम्वन्धित चुनौतिहरु
- ५.३ जीविकोपार्जनसंग सम्वन्धित चुनौतिहरु
- ५.४ लैंगिक समानता र सामाजिक न्यायोचितत्तासँग सम्वन्धित चुनौतिहरु
- ५.५ वनको दिगोपनासँग सम्वन्धित चुनौतिहरु
- ५.६ गोष्ठीका सदस्यहरुको तर्फवाट प्राप्त सुझावहरु

६. रणनीतिगत सवालहरु तथा व्यवहारिक सुझावहरु
- ६.१. सुशासन
- ६.२. ACM
- ६.३. जीविकोपार्जन
- ६.४. लैंगिक समानता र सामाजिक न्यायोचितता
- ६.५. वनको दिगोपना (वनको निरन्तर उपयोग)

७. समापन सत्र

## १. उद्घाटन सत्र

ACM सम्वन्धी कार्यशाला गोष्ठीको पहिलो दिनको प्रारम्भमा उद्घाटन कार्यक्रम राखिएको थियो । यस उद्घाटन सत्रको सभापतित्व वन तथा भू-संरक्षण मन्त्रालयका सचिव श्री चण्डी प्रसाद श्रेष्ठ ज्यूले गर्नु भएको थियो । उक्त अवसरमा सचिवज्यूले छोपिराखेको विरुवाको ढकनी उठाएर कार्यशाला गोष्ठीको विधिवत उद्घाटन गर्नु भयो । वन तथा भू-संरक्षण मन्त्रालयका उपसचिव डा. भरत पोखेलले उक्त कार्यक्रमको उद्घोषण गर्नु भएको थियो ।

### १.१. स्वागत भाषण

सामुदायिक वन महाशाखाका प्रमुख डा. केशव राज कंडेलले उपस्थित सहभागीहरुलाई स्वागत गर्नु भयो । आफ्नो स्वागत भाषणमा उहाँले अनुसन्धानात्मक परियोजनाको बारेमा स्पष्ट पार्दै यही परियोजनाको कारणले यो गोष्ठीको आयोजना गर्न मद्दत पुगेको कुराबारे जानकारी दिनु भयो । उहाँले कार्यशाला गोष्ठीको उद्देश्य माथि प्रकाश पार्नु भयो । डा. कंडेलको उद्गार निम्न अनुसार छ :

सिकाइ अनुसार र सहकार्यको माध्यमवाट सामुदायिक वन व्यवस्थापनमा सुधार गर्दै जाने कार्यगत अनुसन्धान परियोजना (ACM Reach Project) वन तथा भू-संरक्षण मन्त्रालय तथा अन्तर्राष्ट्रिय वन अनुसन्धान केन्द्रले संयुक्त रुपमा लागू गरेको परियोजना हो । यो परियोजना अन्तर्राष्ट्रिय वन अनुसन्धान केन्द्र (CIFOR) तथा अन्य साझेदारहरुद्धारा एसियामा नेपाल, इण्डोनेसिया र फिलिपिन्सको अलावा अफ्रिका र ल्याटिन अमेरिकामा समेत सञ्चालन हुँदै गरेको तीन वर्षे वृहत अनुसन्धान परियोजनाको एउटा भाग हो । नेपालमा यो परियोजना लागू गर्ने मुख्य साझेदारहरुमा न्यूएरा, कास्की जिल्ला ACM टीम र फरेष्टएक्सन हुन् । यस परियोजनालाई राष्ट्रिय तहदेखि जिल्ला तथा स्थानीय तहसम्मका अन्य धेरै संस्थाहरुले सहयोग पुऱ्याउँदै आएका छन् । यस्ता संस्थाहरुले देहायका रणनीतिगत प्रश्नहरुको बारेमा अध्ययन गरेका छन् :

- सिकाइमा आधारित र सहकार्यको माध्यमवाट सामुदायिक वनको व्यवस्थापनमा सुधार गर्दै लैजाने (ACM) पद्धतिको जीविकोपार्जनमा र वनको दिगो व्यवस्थापनमा के-कस्तो प्रभाव परेको छ ?
- के-कस्तो अवस्थामा ACM लागू गर्नु पर्छ ?
- सामुदायिक वन व्यवस्थापनको प्रक्रिया अनुसार (CFM) वन व्यवस्थापन गर्न यस पद्धतिका के-कस्ता परिणामले प्रभाव पार्न सक्छन् ?
- सामुदायिक वन व्यवस्थापनको प्रक्रिया अनुसार सहकार्यद्धारा वन व्यवस्थापनमा सुधार गर्दै लैजाने पद्धतिका के-कस्ता रणनीतिहरु, प्रक्रियाहरु र साधन (tools) हरुको प्रयोग गर्न सकिन्छ ? आदि ।

परम्परागत तथा सहभागितामूलक कार्यगत अनुसन्धान पद्धति अनुसार सञ्चालन गरिएको यो परियोजना अहिले लगभग सकिनै लागेको छ । अध्ययनवाट प्राप्त सिकाइहरुको बारेमा साना गोष्ठीहरुमा छलफल गरिएको थियो जो अनुसुची २ मा समावेश गरिएको छ ।

यस कार्यशाला गोष्ठीको मुख्य उद्देश्य "नेपालको सामुदायिक वनवाट प्राप्त सिकाइहरुको संस्लेषण गर्नु र ती सिकाइहरुलाई एकत्रित गर्नु" रहेको छ । गोष्ठीमा प्रस्तुत भएका विषयवस्तुहरु र छलफलहरुले मुख्य गरेर पाँचवटा विषय वस्तु (थिम) लाई समेटेको छ । वनको दिगो व्यवस्थापन, सुशासन, जीविकोपार्जन, लैंगिक समानता तथा समाजिक न्यायोचितता र सिकाइ अनुसार र सहकार्यबाट वनको व्यवस्थापनमा सुधार गर्दै जाने यी पाँचवटा विषय वस्तुगत (थिम अनुसारका) क्षेत्रमा आधारित यो राष्ट्रिय गोष्ठीले नेपालको सामुदायिक वनका रणनीतिगत नीतिहरु तथा व्यवहारिक सिकाइहरुलाई एकै ठाँउमा राखेर हेर्ने लक्ष्य राखेको छ । सहभागी देशका सदस्यहरुको सिकाइको आधारमा एसियाको लागि एउटा क्षेत्रीय गोष्ठी २६-२७-२००२ मा वैंककमा सञ्चालन गरिने छ ।

## १.२ <u>**ACM** को पृष्ठभूमि तथा कार्यशाला गोष्ठीको रुपरेखा</u>

सिकाइ अनुसार र सहकार्यबाट वन व्यवस्थापनमा सुधार गर्दै जाने अनुसन्धान परियोजनाको अन्तर्राष्ट्रिय सञ्चालक समितिका अध्यक्ष डा. डन गिलमोरले कार्यशाला गोष्ठीको पृष्ठभूमि र यसको रुपरेखाको बारेमा गोष्ठीका सहभागीहरुलाई स्पष्ट पार्नु भयो । गोष्ठीमा प्रस्तुत गरिएका विषयहरुलाई देहायका चार भागमा विभाजित गरिएको थियो :

i. सामुदायिक वन, सिकाइ र सहकार्यबाट वन व्यवस्थापनमा सुधार गर्दै लग्ने पद्धतिहरु वारेका दृष्टिकोणहरु
ii. छलफल सञ्चालन र कार्यशाला गोष्ठीको विषय वस्तु (थिम) हरु
iii. कार्यशाला गोष्ठीका उद्देश्यहरु
iv. कार्यशाला गोष्ठीको प्रवाह (Flow)

उपरोक्त शीर्षकहरुको विवरण निम्न अनुसार छ :

### **i.** <u>सामुदायिक वन, सिकाइ र सहकार्यबाट वन व्यवस्थापनमा सुधार गर्दै लैजाने पद्धतिहरु बारेका दृष्टिकोणहरु</u>

*सामुदायिक वन व्यवस्थापन*

सामुदायिक वनको पहिलो चरणमा सन् १९८०-१९९० तिर यसको अवधारणाको विकास, प्रक्रियागत व्यवस्था तथा कार्यक्रमको कार्यान्वयनमा ध्यान केन्द्रित गरिन्थ्यो । हाल आएर सामुदायिक वनमा नयाँ-नयाँ सवालहरु देखा परेका छन् । त्यस्ता सवालहरुमा जैविक विविधता, जीविकोपार्जन, व्यापारीकरण तथा सामूहिक सक्रियता आदि पर्दछन् । तल दिइएको तालिकामा सामुदायिक वन सम्वन्धी उक्त दुइटै चरणका विशेषताहरु स्पष्ट पारिएको छ ।

*तालिका १*

सामुदायिक वनको शुरुको र हालको अवस्था

| सन् १९८०-१९९० को अवस्थामा | हालको अवस्थामा |
|---|---|
| यो अवधिमा धेरै जसो देहाय अनुसारका कामहरु भए :<br>• प्रक्रियागत प्रणाली (System) को विकास<br>• प्रत्येक सरोकारवालाहरुमा अधिकार तथा उत्तरदायित्व प्रत्यायोजन<br>• सहजकर्ताहरुलाई तालिम<br>• मध्य पहाडी भागमा सामुदायिक वनको विस्तार<br>• नीति र नियममा सुधार | यो समयावधिमा सामुदायिक वनको प्रक्रियामा देहाय अनुसारका सवालहरु उठेका पाइएको छ :<br>• Tread-offs between poverty and cons.<br>• व्यापारीकरण<br>• गरिबहरुले सहभागी भए वापत व्यहोर्नु पर्ने मूल्य<br>• व्यापारिकरण र न्यायोचितताको सवाल<br>• सामूहिक तथा सहकार्यमा प्रोत्साहन |

यसरी सामुदायिक वनको प्रक्रियामा जटिलता बढ्दै गएको, यसका सरोकारवालाहरुको संख्या वढेर गएको अनि विभिन्न तहमा भइरहेको परिवर्तन र गतिशीलताको सन्दर्भमा सामुदायिक वनको अवधारणा एवं प्रक्रियालाई अझै लचिलो र सिकाइ अनुसार यसमा सुधार गर्दै लैजाने वनाउनु आवश्यक छ । गतिशील अवस्थामा रहेको सामुदायिक वन प्रकियाले सामाजिक सिकाइहरुको आदान-प्रदान गर्ने र सिकाइ अनुसार व्यवस्थापनमा सुधार गर्दै अघि वढ्ने र सहकार्यवाट सामुदायिक वनको प्रकिया लागू गर्ने जस्ता कुराहरुलाई संस्थागत गरिनु पर्छ भन्ने समेत माग गर्छ ।

अन्तर्राष्ट्रिय वन अनुसन्धान केन्द्र **(CIFOR)** ले **ACM** सम्वन्धी अनुसन्धान कार्यकम निम्न स्थानहरुमा सम्पन्न गरेको छ :

- एसियामा : नेपाल, इन्डोनेसिया र फिलिपिन्स
- अफ्रिकामा : जिम्वावे, मलावी, घाना र क्यामरुन
- ल्याटिन अमेरिकामा :वोलिभिया र व्राजिल

अनुसन्धान टोलीले सिकाइ अनुसार र सहकार्यवाट वन व्यवस्थापनमा सुधार गर्दै लैजाने प्रक्रियालाई सामुदायिक वन कार्यक्रममा एउटा पद्धति र प्रक्रियाको रुपमा लिइनु पर्छ भन्ने पत्ता लगाएको छ । यो पद्धति र प्रक्रिया सुशासनसँग जोडिएको हुनाले यसले लैंगिक समानता, न्यायोचितता, जीविकोपार्जन तथा वनको दिगो व्यवस्थापन जस्ता सवालहरु समेटेको छ ।



**ii.** <u>कार्यशाला गोष्ठीका विषय वस्तु (थिम) हरु</u>

यस गोष्ठीमा हुने छलफलहरु र संयुक्त रुपमा चिन्तन मनन गर्ने काम माथि उल्लेखित ढाँचाको आधारमा हुनेछ । उदाहरणको लागि हामीले तय गरेका विषय वस्तु (थिम) हरु र समूह विभाजन पनि देहायको आधारमा हुने छ :

- सुशासन
- ACM
- जीविकोपार्जन
- लैंगिक समानता र न्यायोचितता
- वनको दिगो व्यवस्थापन

**iii.** <u>कार्यशाला गोष्ठीका उद्देश्यहरु</u>

यस कार्यशाला गोष्ठीका उद्देश्यहरु निम्न अनुसार हुनेछन् :

- अनुभवहरुको आदान-प्रदान, जीविकोपार्जन, लैंगिक समानता र न्यायोचितता, वनको सुशासन र सामुदायिक वनको प्रक्रियामा सिकाइ अनुसार सुधार गर्दै अघि बढ्ने पद्धति जस्ता विषयमा छलफल र चिन्तन मनन गरेर प्राप्त सिकाइहरुको संस्लेषण गर्ने

- यसरी प्राप्त सिकाइहरुको आधारमा नेपालको सामुदायिक वनको प्रक्रियालाई अघि बढाउने रणनीतिगत नीतिहरुको रुपरेखा एवं व्यवहारिक दिशा निर्देशहरु निश्चित गर्ने ।

**iv.** <u>गोष्ठीको प्रवाह (**flow)**</u>

माथि उल्लेखित उद्देश्य प्राप्तिको लागि कार्यशाला गोष्ठीको प्रवाह (flow) निम्न अनुसारको हुने योजना बनाइएको छ :

१. प्रत्येक सवाललाई एउटा सिङ्गो तस्विरको रुपमा हेर्नका लागि पाँचै वटा विषय (थिम) हरुको विषयगत (थिम्याटिक) प्रस्तुति (पहिलो दिन)

२. विषयवस्तुको गहिराइसम्म पुग्नका लागि प्रत्येक विषयवस्तुमा स-साना गोष्ठीहरु एकै साथ संचालन गर्ने जसमा खास-खास अनुभवहरुको आदान-प्रदान गर्ने र मुख्य मुख्य चुनौतिहरु पहिचान गर्ने (पहिलो दिन)

३. दोस्रो चरणको समूहगत काममा माथि उल्लेखित चुनौतिहरुको बारेमा छलफल र चिन्तनमनन् गर्ने र नीतिगत एवं व्यवहारिक सुझावहरु तयार गर्ने

## १.३. उद्‌घाटन भाषण

वन तथा भू-संरक्षण मन्त्रालयका सचिव श्री चण्डी श्रेष्ठले कार्यशाला गोष्ठीको उद्‌घाटन पछि आफूले यस गोष्ठीमा उपस्थित हुन पाउँदा खुसी लागेको कुरा व्यक्त गर्नु भयो । उहाँको वक्तव्यका मुख्य बुंदाहरु निम्न अनुसार छन् :

- नेपालको सामुदायिक वन कार्यक्रमका दुइवटा प्रमुख उद्देश्य रहेका छन् : यसमा स्रोतको संरक्षण र व्यवस्थापनमा समर्पित हुनु पहिलो उद्देश्य हो भने वनको व्यवस्थापन मार्फत जीविकोपार्जन र गरिबी निवारणमा टेवा पुऱ्याउनु दोस्रो उद्देश्य हो ।

- सामुदायिक वनको प्रक्रियामा न्यायोचितताको सवालमाथि विचार गर्दा यसलाई 'हुने खाने' र 'नहुने' (गरिब) को दृष्टिकोणले मात्र नहेरेर देशका अरु जनताहरुलाई (उदाहरणको लागि वन उपभोक्ता समूहका सदस्य नभएका व्यक्तिहरु तथा प्रत्यक्ष रुपमा सामुदायिक वन उपभोक्ताहरु) अनि सारा विश्वलाई र प्रकृति स्वयंलाई समेत समेटेर हेर्नु पर्ने हुन्छ । सामुदायिक वनका उपभोक्ताहरु र यसको उपभोग नगर्ने व्यक्तिहरुका बीचमा रहेको विद्यमान न्यायोचितताको सवाललाई विचार पुऱ्याउनको लागि सामुदायिक वन सम्वन्धी हालको नीति नियममा र अभ्यासहरुमा केही फेर वदल गर्न आवश्यक भएको छ । वनको संरक्षण र सम्वन्धित सरोकारवालाहरुको बीचमा वनबाट प्राप्त फाइदाको न्यायोचित वितरण सम्वन्धि सवाल समकालिन समाजमा उत्तिकै महत्वर्पूर्ण र उत्तिकै सान्दर्भिक पनि छन् ।

- यसको साथै सम्पूर्ण सामुदायिक वन समूहलाई आवश्यक पर्ने व्यावसायिक (प्राविधिक एवं अन्य) सेवामा उनीहरुको पहूँच हुनु पर्छ । (सामुदायिक वन उपभोक्ता समूहले प्रभावकारी किसिमका व्यवसायिक सेवाहरु उपलब्ध गर्न सकेको खण्डमा लागू भएका कार्यक्रमहरुको (interventation) को परिणाम पनि प्रभावकारी हुन्छ ।) यस कार्यशाला गोष्ठीमा हामी विगतबाट सिक्न, सहकार्यात्मक अनुसन्धान मार्फत आगाडि आएका सवाल तथा चुनौतिहरुको समाधान गर्न र विभिन्न तहमा प्रभावकारी सेवा प्रदान गर्नका लागि नीति नियममा सुधार गर्नु पर्ने जस्ता कुराहरुलाई महत्व दिनेछौं । यसै गरी अनुगमनको प्रणाली (system) लाई प्रभावकारी वनाउन आवश्यक छ । प्रभावकारी अनुगमन प्रणालीले नयाँ-नयाँ खोज तथा सिकाइहरुलाई समेट्छ । त्यसो हुँदा सिकाइ थप्दै जाने र वद्‌लिदो अवस्था अनुसार नीति तथा व्यवहार मिलाउँदै लैजाने किसिमको अनुगमन प्रणाली विकसित गर्ने कुरा पनि उक्तिकै महत्वपूर्ण हुन्छ ।

## २. विषयगत (थिम अनुसार) प्रस्तुतिहरु

विषयगत (थिम अनुसार) प्रस्तुति हुने यस सत्रको अध्यक्षता डा. मोहन प्रसाद वाग्लेज्यूले गर्नु भएको थियो ।

## २.१. सुशासन

विनरक इन्टरनेशनल काठमाण्डौंका डा. विनोद भट्टले सुशासनको थिम सम्वन्धी छलफल गर्नुका उद्देश्यहरु स्पष्ट पार्नु भयो । ती उद्देश्यहरु निम्न अनुसार छन् :

- सुशासन सम्वन्धी अवधारणाको बारेमा सम्वन्धित पक्षहरुमा साझा समझदारी विकसित गर्न

- स-साना गोष्ठी (mini workshops) र प्लेनरी सत्रहरुमा हुने छफलहरुको ढाँचा कस्तो हुने र के-कस्ता बुंदाहरुमा ध्यान दिइनु पर्छ भन्ने कुरा निर्क्यौल गर्न

विषय वस्तुगत (थिम अनुसारको) प्रस्तुतिका मुख्य बुंदाहरु निम्न अनुसार छन् :

### i. सुशासन के हो ?

सुशासनले औपचारिक तथा अनौपचारिक संस्था तथा चलनको माध्यमबाट साझा भलाइको लागि शक्ति सन्तुलनको अभ्यास जनाउँछ ।

सुशासन भित्र तीन विस्तृत विषयहरु समेटिएका छन् :
1. सवै वर्गको आवाज समेटिनु र उत्तरदायी हुनु
2. सरकारको प्रभावकारिता
3. कानूनी शासन

सुशासनले राष्ट्रिय तहमा निर्वाचनका प्रक्रियाहरु समेटेको हुन्छ । राष्ट्रिय तहमा सुशासन अन्तर्गत निर्वाचन, अनुगमन र व्यवहारिक नीति निर्माण गर्ने, सरकारको क्षमता तथा जनता र राज्यको बीचमा आर्थिक, राजनीतिक तथा सामाजिक अर्न्तक्रियाका लागि प्रवन्ध मिलाउने संस्थाहरुको कदर जस्ता कुराहरु पर्दछन् । कानूनको शासन तथा भ्रष्टाचार नियन्त्रण राष्ट्रिय तहको सुशासनका प्रमुख तत्व हुन् ।

### ii. वनको सुशासन

वनको हैसियत राम्रो हुने कुरामा सुनिश्चित हुनु अनि स्थानीय वन्य स्रोतमाथि स्थानीय मानिसहरुको पहुँच हुनु र उनीहरुले वनको व्यवस्थापन गरेर यसबाट फाइदा लिन सक्ने अधिकार सुरक्षित गर्नु वनको सुशासनको लक्ष्य हो ।

वनको प्रशासन कस्तो हुनु पर्छ भन्ने र यसको दिशा निश्चित गर्ने जस्ता कुराहरुमा नागरिक समाज, वन उपभोक्ताहरु, नीजी तथा सरकारी संस्थाहरुको भूमिका रहेको हुन्छ भन्ने कुरालाई वनको सुशासनमा जोड दिइन्छ । वनको सुशासनले प्रमुख सरोकारवालाहरु बीचको सम्वन्ध, उनीहरुको अधिकार तथा दायित्व अनि प्रोत्साहनका कुराहरु स्पष्ट गर्ने बारेमा ध्यान केन्द्रित गर्नुको साथै भविष्यमा

आउन सक्ने संभावित चुनौतिहरुको सामना गर्नको लागि संरचना (व्यवस्थापन) को ढाँचा पद्धति एवं सरोकारवालाहरु बीचको सम्पर्कलाई स्पष्ट गर्छ ।

**iii.** साना गोष्ठीमा छलफल गरिनु पर्ने सुशासन सम्वन्धी प्रश्नहरु :

१. सामुदायिक वनको नीति र व्यवहारमा वनको सुशासनले के-कस्ता असरहरु पार्दछ ?
२. वनको सुशासनमा सामुदायिक वनले के-कस्तो असर पार्दछ ?
३. जनताको जीविकोपार्जन, न्यायोचितता र वनको दिगो व्यवस्थापनमा वनको सुशासनले के असर पार्दछ ?
४. वन क्षेत्रको विभिन्न तहको सुशासनमा सुधार ल्याउन के-कस्ता रणनीतिहरु आवश्यक पर्छन् ? यसै गरी के-कारणले नकारात्मक प्रभाव पार्छ ?
५. माथि उल्लेखित सन्दर्भमा हामीसँग के-कस्ता अनुभव र तथ्यहरु छन् ?
६. वनको सुशासनका सूचकहरु केलाई मान्ने ?
७. निर्णय प्रक्रियामा र लाभांश वितरणमा न्यायोचितताका आधारमा सहभागी हुने र ती कुरामा गरिब, महिला तथा पिछडिएका वर्गको पहूँच के-कसरी बढाउन सकिन्छ ?

सुशासन, जीविकोपार्जन, दिगोपन न्यायोचितता तथा संस्थागत गर्ने जस्ता धेरै सवालहरु एक आपसमा सम्वन्धित हुन्छन् र यी सवै सुशासन भित्र पर्छन् ।

प्लेनरीमा आएका टिप्पणिहरु देहायका बुंदाहरुमा समेटिएका छन् :

- सुशासनको अवधारणा महत्वपूर्ण हो तर विभिन तहका मानिसहरुले यसलाई आत्मसात गर्न कठिन भएको छ ।
- वनको सुशासनका लागि नीजी क्षेत्रको भूमिका महत्वपूर्ण भएको हुनाले यसको परिभाषामा यो कुरा समावेश गरिनु पर्छ ।
- सामुदायिक वन कार्यक्रममा अनुगमन र लेखा परीक्षण जस्ता विषयहरु सुशासनका महत्वपूर्ण पक्ष हुन् । सामुदायिक वनको लेखा परीक्षणमा सुशासन छ, छैन भन्ने कुरालाई हामीले कसरी मापन गर्न सक्छौं ?
- सामुदायिक वनको सुशासन सम्वन्धी सवालहरुको समाधानमा स्थानीय राजनीतिक संरचना ( मुख्यत: गाविस र जिविस) हरु सामुदायिक वन कार्यक्रमसंग आन्तरिक रुपमा एक आपसमा सम्वद्ध निकाय हुने भएकोले सामुदायिक वन उपभोक्ता समूहको यी निकायसँगको सम्वन्ध र भूमिकालाई पनि विचार पुऱ्याउनु पर्ने हुन्छ ।
- सुशासनको लागि सरोकारवालाहरुको बीचमा रहने शक्ति सन्तुलन पनि धेरै नै महत्वपूर्ण हुन्छ ।
- यस्तो सन्तुलन विना प्रभावकारी रुपमा सुशासन सञ्चालन हुन सक्दैन, त्यसकारण सुशासन कायम गर्न शक्ति सन्तुलनको तत्वलाई जोड दिइनु पर्छ ।

सुशासन हुनको लागि कानूनी शासनको जति महत्व हुन्छ त्यति नै महत्व कानूनको पालना गर्ने भावनाको पनि रहन्छ । माथि उल्लेखित बुंदाहरु प्रस्तोताद्धारा सामूहिक छलफलमा उठाइएका उपरोक्त सवालहरु र चासोका विषयहरु सुशासन कायम गर्ने कुरामा महत्वपूर्ण र सान्दर्भिक छन् भन्ने कुरा उल्लेख गरियो । यी सवालहरुलाई विचार गरेर पछि सञ्चालन गरिने सम्वन्धित विषय वस्तु (थिम) अनुसारका छलफलमा पनि समेटिने छ ।

## २.२ सिकाइ अनुसार र सहकार्यबाट वन व्यवस्थापनमा सुधार गर्दै जाने (पद्धति) **ACM**

(CIFOR) का सिन्थिया भ्याकडुगल र अनुसन्धान टीमको तर्फबाट डा. भरत पोखेलले संयुक्त रुपमा ACM को बारेमा निम्न अनुसारको प्रस्तुति गर्नु भयो :

**i.** वन, सामाजिक संरचना र व्यवस्थापनको तरिका (सिष्टम) एक आपसमा मेल खान्छन् कि खाँदैनन् ?

वन उपभोक्ताहरु, सामुदायिक वनका समर्थकहरु र नीति नियम निर्माण तहका व्यक्तिहरुले सामुदायिक वनमा जटिल र गतिशील अवस्थाहरुको सामना गर्नु पर्ने कारणहरु निम्न अनुसार छन् :

- वनको व्यवस्था (सिष्टम) हरु जटिल छन् ।
- वन उपभोक्ता समूहरुका चाहना, आवश्यकता, क्षमता र शक्तिका कुराहरुमा विविधता छ ।
- वनको संरक्षण र उपभोक्ता समूहहरुका जीविकोपार्जनका उद्देश्यहरुमा सन्तुलन ल्याउन आवश्यक छ ।
- नीतिगत, सामाजिक, वजार सम्वन्धी, वातावरणीय एवं राजनैतिक अवस्थाहरुमा निरन्तर रुपमा परिवर्तन भइरहन्छ ।
- परिवर्तन भइरहने हुनाले पछि आउने कुरामा अनिश्चितता हुन्छ । अतएव जान्न पर्ने कुराहरु वाँकि रहेका हुन्छन् ।
- मानवीय तथा अन्य स्रोतहरु सीमित छन् ।

सामुदायिक वन व्यवस्थापनका विद्यमान पद्धतिहरुले माथि उल्लोखित जटिलता र अनिश्चिततालाई समाधान गर्न सक्दैनन् । उदाहरणको लागि उपभोक्ता समूहको तहमा

- निर्णय गर्ने कुरा अभिजात्य वर्ग (ठूला वडा) मा केन्द्रित छ ।
- योजना तर्जुमा प्रकिया माथि देखि तलसम्म (top-down) र हचुवा किसिमको छ, त्यसैले थोरै मात्र निर्णयहरु कार्यान्वयन हुन्छन् ।
- वनको व्यवस्थापन संरक्षणमुखी छ र धेरै वन उपभोक्ता समूहहरुले वन व्यवस्थापन सम्वन्धी ज्ञान र सीप प्राप्त गर्नको लागि जिल्ला वन कार्यालयको सहयोगको अपेक्षा गरेका हुन्छन् ।

वन उपभोक्ता समूहको तहदेखि जिल्लाबाट क्रमश : राष्ट्रिय (नीतिगत) तहमा :

- वन उपभोक्ता समूहको तह देखि राष्ट्रिय तहसम्म नै केही सूचना तथा जानकारीहरु उपलब्ध छन् तर ती तहको बीचमा उक्त जानकारीहरुको प्रवाह ढीलो र पृष्ठ पोषण आंशिक रुपमा मात्र हुने गर्छ । जानकारी प्रवाह ढीलो हुने र समग्र रुपमा नभई खण्डित रुपमा हुने गर्दछ ।

अर्को शब्दमा जटिलता, गतिशीलता तथा अनिश्चिततायुक्त वन र मानवीय प्रणाली गज्याङ्ग, मज्याङ्ग भइ मिसिए जस्तो देखिन्छ । हाल लागू गरिएको मानवीय प्रणाली र वन व्यवस्थापन प्रणाली ठाडो, माथि देखि तल आदेश दिइने खालको अनि सीमित पृष्ठपोषण हुने खालको छ । त्यसो हुँदा वन व्यवस्थापनको जटिलता र गतिशीलतालाई समेट्ने गरी व्यवस्थापन र नीति निर्माणलाई समेत मिलाएर लैजानु आवश्यक हुन्छ ।

यो काम कसरी गर्ने त ? यस्ता जटिल प्रणालीहरुवाट सिकेका प्रमूख सिकाइहरुमा समाहित हुने गरी व्यवस्थापनको संरचना बनाइनु पर्छ जसले गर्दा सिकाइलाई सक्रिय रुपमा प्रवर्द्धन गर्न सकियोस् । यसै अनुसार हामीले ACM लाई हेर्‍यौं । यसलाई वाहिरबाट लक्ष प्राप्त गर्नुको लागि निर्माण गरिएको कार्यक्रमको रुपमा लिइनु हुदैन

**ii.** सिकाइ अनुसार र सहकार्यवाट व्यवस्थापनमा सुधार गर्ने पद्धति (**ACM)** को परिभाषा

- ACM भनेको सामुदायिक वनको वैकल्पिक पद्धति होइन ।
- ACM सामुदायिक वनको सबै तहमा हुने योजना तर्जुमा र निर्णय प्रक्रियाको गुणस्तर बढाउने एक लचिलो पद्धति हो ।
- ACM ले सामुदायिक वनको प्रक्रिया र उपलब्धी दुवैको गुणात्मकतामा अभिवृद्धि गर्दछ ।

Adaptive भन्ने शब्दलाई सामान्यतया वातावरण अनुसार मिल्ने अथवा परिवर्तन गर्ने वा समयको परवर्तनको साथै आफै परिवर्तन हुने भनेर गलत रुपमा व्याख्या गर्ने गरिन्छ; तर ACM भनेको यस्तो निस्क्रिय रुपको परिवर्तन होइन । बरु यसलाई सचेत रुपमा अनुभवहरुको आदान-प्रदानवाट प्राप्त हुने सिकाइको अर्थमा लिन खोजिएको छ । यस्तो खालको सिकाइ ACM कै मुटु हो र यसले विकासलाई हाँक्न सक्छ अनि सामुदायिक वन व्यवस्थापनका नीति र व्यवहारलाई मिलाएर लैजान सहयोग पुर्‍याउँछ । अर्को शब्दमा माथि उल्लेख भए झैं सामुदायिक वन जटिल र सधैं परिवर्तन भइरहने हुँदा ACM लाई व्यवस्थापनमा संसारको गतिशील पद्धति हो भन्न सक्छौं ।

यस अवधारणालाई तलको तालिकाबाट अझ प्रष्टसँग बुझ्न सकिन्छ :

*तालिका २*

स्तरीय पद्धति तथा सिकाइ अनुसार सहकार्यवाट व्यवस्थापन गर्ने पद्धति बीचको तुलना

| स्तरीय पद्धति (गल्तिबाट सिक्ने) | सिकाइ र सहकार्यबाट व्यवस्थापनमा सुधार गर्दै जाने पद्धति |
|---|---|
| सिकाइ भनेको अनुभवबाट निस्कने सह-उत्पादन हो (यसको मात्रा फरक-फरक हुन्छ तर सिकाई | सिकाइ सुनियोजित उपलब्धी हो (सिकाइ र सुधारको लागि उपयोग गर्ने तरिकाहरु व्यवस्थापन प्रक्रियामा |

| | |
|---|---|
| आकश्मिक रुपमा हुन्छ जो उपयोग हुन पनि सक्छ नहुन पनि सक्छ) | समाहित गरिएको हुन्छन् । सिकाइ चेतनायुक्त हुन्छ र यसलाई सुधारको लागि उपयोग गरिन्छ) |
| यस पद्धति अनुसार असफलतालाई दण्डित गरिन्छ । | 'असफलता' लाई सिकाइको अवसरको रुपमा लिइन्छ । |
| नीति कार्यान्वयनको लागि योजना तर्जुमा गरिन्छ र यसमा अनुगमनका कुरा समाहित नगर्ने र गर्ने दुवै गरिन्छ । | योजनाहरुलाई नीतिको परीक्षणको रुपमा लिइन्छ ( कार्य-योजनामा अनुगमन पनि समावेश हुन्छ ।) |
| अनुगमन स्तर जाँच्न वा सहमति लिनको लागि गरिन्छ । अनुगमनमा तथ्याङ्क सङ्कलनलाई जोड दिइन्छ । | सुचनाहरु ज्ञानको सृजना गर्नको लागि अनि सवालहरु पत्ता लगाउनका लागि अनुगमन गरिन्छ र यसमा विश्लेषणलाई जोड दिइन्छ । |
| यस पद्धतिमा मान्यताहरुलाई विचारको रुपमा लिइन्छ र यस्ता मान्यताहरुलाई कमै मात्र चुनौति दिइन्छ । | यस पद्धतिमा अनिश्चिततालाई मान्यता दिइन्छ र यस्ता मान्यताहरु (assumptions) लाई स्पष्ट पारेर अनुभवको कसीमा जाँचिन्छ । |
| यस पद्धतिमा दृष्टिकोण सही र गलत हुन सक्छन् । | यस पद्धति अनुसार दृष्टिकोण धेरै हुन्छन् र फरक विचारहरु बीचको भिन्नतामा (छलफलबाट) एउटा सर्वमान्य विन्दु खोजिन्छ । |

<u>**iii.** सामुदायिक वनमा **ACM** को कार्यान्वयन</u>

ACM का पद्धतिहरु सामुदायिक वनको एउटा मात्रै क्रियाकलापको बारेमा निर्णय गर्ने तथा योजना तर्जुमा गर्ने देखि लिएर जिल्ला तह र राष्ट्रिय (नीति निर्माण) तह सम्मको व्यवस्थापनमा लागू गर्न सकिन्छ । वनमा ACM लागू गर्नु भन्नाले विशेष प्रकारका व्यवस्था अथवा प्रक्रिया अपनाउनु पर्छ भन्ने नभई यस्तो पद्धतिमा समय र परिस्थिति सुहाउँदो हुने खालका विविध प्रक्रिया र व्यवस्थाहरुको प्रयोग गर्नको लागि व्यवहारमा ल्याउन सकिने खालका केही निर्देशक तत्वहरु हुन्छन् । (ACM अनुसन्धान परियोजनामा आधारित) यस्ता तत्वहरुलाई देहाय अनुसार बुझ्न सकिन्छ :

<u>**ACM** पद्धतिका केही प्रमुख तत्वहरु :</u>

१. सरोकारवालाहरुले आफ्ना विचार, आफुसंग भएका जानकारी, ज्ञान र सीपहरु प्रभावकारी ढंगले सवै दिशामा (माथि तल) प्रवाहित गर्छन् ।
२. सम्वन्धित सवै सरोकारवालाहरु निर्णय गर्ने र सहमतिमा पुग्ने कुरामा सहभागी हुन्छन् र आफ्नो वोली राख्न सक्षम हुन्छन् एवं उनीहरुको वोलीको लागि ठाँउ पनि रहन्छ ।
३. सरोकारवालाहरुले प्रभावकारी ढंगले विवादहरुको व्यवस्थापन गर्छन् ।
४. सरोकारवालाहरुले अनुकुलता अनुसारको सहकार्य गरेर कार्यक्रम लागू गर्छन् ।
५. सरोकारवालाहरु सवैले सँगसँगै चिन्तन मनन गर्ने र सिकाइ हासिल गर्ने प्रक्रियामा भाग लिन्छन् । सिकाइ व्यक्तिको मात्र नभई आपसी आदान-प्रदानबाट हुन्छ । यस्तो चिन्तनमा आपसी समझदारी, ज्ञान र रुपान्तरण हुन सक्ने सामाजिक तहको नयाँ सिकाइको सृजना हुन्छ ।

६. वन व्यवस्थापन प्रक्रियामा इच्छा अनुरुपको सिकाइ हुन्छ र यसलाई पृष्ठ पोषणको स्थान सहित परीक्षण पनि गरिन्छ । वन व्यवस्थापकहरुको आफ्नो वुझाइ, ज्ञान र सीपमा लगातार अभिवृद्धि भइरहन्छ ।
७. संस्थाहरुले सामुदायिक वन व्यवस्थापनका कियाकलाप तथा प्रकियाहरुमा सुधार ल्याउन सचेतता पूर्वक आफूले सिकेको कुराहरु लागू गर्छन् ।
८. संस्थाहरुले मानवीय/प्राकृतिक प्रणालीको बीच र आफै भित्रको पनि सम्वन्ध माथि विचार पुऱ्याउँछन् ।
९. योजनामा समाहित इच्छित भविष्य (अर्थात दुरदृष्टि) स्पष्ट रुपमा प्रतिविम्वित भएको हुन्छ र यसको निर्माणमा विगतका अनुभव तथा वर्तमानका झुकावको पनि ख्याल राखिन्छ ।
१०.संस्थाहरुले अनिश्चितताहरु तथा संभाव्य जोखिमहरु पत्ता लगाई तिनीहरुको समाधान प्रभावकारी रुपमा गर्ने गतिविधिहरु आफ्ना योजनाहरुमा समावेश गर्दछन् ।

माथि उल्लेखित यी तत्वहरुलाई हेर्दा ACM का दुई आधारभूत पक्षहरु देख्न सक्छौं :

- सिकाइ : सचेततापूर्वक गरिएको र सामाजिक; र
- सामाजिक सम्वन्ध तथा राजनीति : सहमति, साझेदारी, अवरोध, विवाद/झगडा, सामुहिक-कार्य

सिकाइहरु :

परम्परागत व्यवस्थापन प्रणाली अनुसार सिकाइ काम गर्दा आफैं आउने उपफल (by-product) हो । यसको अर्थ के भने सिकाइ भएको वेलामा धेरै जसो व्यवस्थापन "गल्तीबाट सिक्ने" भन्ने सिकाइको सिद्धान्तको आधारमा हुन्छ किनकि त्यहाँ कुनै न कुनै रुपमा सिकाइ भइरहेकै हुन्छ । धेरैजसो कियाकलापहरु अनुभवको आधारमा गर्ने गरिन्छन्, अनुगमनको आधारमा गरिएका हुदैनन् । यसले 'कारण र असर' को सम्भावित सम्वन्ध वुझ्ने कुरालाई सीमित वनाउँछ ।

परम्परागत व्यवस्थापन प्रणालीले नीति वा व्यवस्थापनका चलनहरु र वन तथा समुदाय अनि वन तथा मानवीय व्यवस्थाबीच हुने कारण र असरको सम्वन्धलाई वुझ्ने संभावनाहरु सीमित वनाउँछ । नीति निर्माता, नीतिहरु कार्यान्वयन कर्ता र यस प्रकियामा लाग्नेहरुले यस प्रणालीले कसरी काम गर्छ भन्ने वारेका अनिश्चितता तथा मान्यताहरुलाई लुकाइदिने हुनाले सो अनिश्चितता तथा मान्यताहरु ( Assumptions) थाहा नपाउन सक्छन् । यी अनिश्चितता र मान्यताहरु प्रकट हुन नसकेको अवस्थामा परिस्थिति अनुसार समायोचित ती कुराहरुमा बदलिदो सुधार सजिलैसंग ल्याउन र तिनीहरुलाई मिलाएर लैजान नसकिने हुन्छ । यस बाहेक उक्त अनिश्चितता तथा मान्यताहरु प्रष्ट रुपमा बाहिर आउन नसकेको खण्डमा सामुदायिक वनमा काम गर्नेहरुलाई एक अर्काको सोचाइ वुझ्न पनि सजिलो हुँदैन । यसबाट भ्रम र असमझदारी झन् बढ्ने मात्र नभई प्राप्त हुने सिकाइ 'संस्थाभित्र' अथवा विभिन्न संस्थाहरु बीचको आपसी आदान-प्रदानबाट हुने भन्दा पनि व्यक्ति विशेषमा मात्र सीमित हुन्छ ।

ACM को पद्धतिले "नीति तथा सामुदायिक वनका चलनहरु परीक्षण (प्रयोग) हुन र यिनीहरुवाट हामीले सिक्नु पर्छ भन्ने कुरालाई जोड दिन्छ" (K-Lee 1993 बाट लिइएको) ACM अनुसार सिकाइ

सचेत र सामाजिक रुपमा (संयुक्त रुपमा वा आदान-प्रदानबाट) हुने हुन्छ । यस पद्धतिमा अनिश्चितता र मान्यताहरुलाई स्पष्ट पारिन्छ । नीति निर्माता र यस प्रक्रियामा लाग्नेहरुले कामकै माध्यमबाट त्यस्ता मान्यताहरुको परीक्षण गर्न सक्छन् । यस कारणले अनुगमन र यसबाट प्राप्त सिकाइ अनुसार नीति र व्यवहार मिलाउँदै जाने तथा सुधार गर्दै जाने कुराहरु वढी महत्वपूर्ण हुन्छन् । अर्को शब्दमा भन्दा ACM को मान्यता अनुसार अनुभवबाट प्राप्त सिकाइलाई समावेश गरी योजना तर्जुमा गर्नु पर्ने कुरा धेरै महत्वपूर्ण हुन्छ ।

केही मानिसहरु सिकाइका विभिन्न तह (Learning Loops) हुन्छन्  भनि कुरा गर्दछन् । ACM पद्धति अनुसार कमसेकम सिकाइका तीन तह छन् :

- वन सम्वन्धी सिकाइ
  - व्यवस्थापन प्रणालीले वनमा पारेको प्रभाव वारेको सिकाइ (अर्थात कारण र असरको सम्वन्ध) र
    - कसरी सिक्ने र नयाँ सिकाइ अनुसार व्यवस्थापनमा कसरी सुधार गर्दै जाने भन्ने

विषयहरु ACM मा महत्वपूर्ण हुन्छन् ।

*सामाजिक सम्वन्ध (शक्ति सन्तुलनसँग सम्वन्धित राजनीति*

ACM ले निम्न कुराहरुको अतिरिक्त सचेत प्रणालीको लक्षतिर संकेत गर्छ :

- प्रभावकारी संचार, सहमति तथा विवाद व्यवस्थापन
- समतामूलक, उत्तरदायी प्रतिनिधित्व र निर्णय प्रक्रियामा सहभागिता
- आवश्यकता अनुसार संयुक्त कार्य (सहकार्य)

माथि उल्लेखित बूँदाहरुले सामुदायिक वनको प्रक्रियामा गरेर सिक्दै जाने र सहकार्यवाट व्यवस्थापन गर्ने (ACM) एवं सुशासनको पद्धति बीचको सम्वन्धलाई स्पष्ट व्याख्या गर्दछन् ।

**iv. ACM** को पद्धति व्यवहारमा कस्तो देखिन्छ ?

नेपालमा चारवटा वन उपभोक्ता समूहहरुमा गरिएको सहभागितामूलक कार्यगत अनुसन्धान (Action Research) वाट हामी ACM का तत्वहरु प्रत्याभूत भएका वन उपभोक्ता समूहका तथा संस्थाको निम्न प्रक्रियाहरुका बारेमा अनुभवहरु आदान-प्रदान गर्न सक्छौं । यी पद्धतिको उपलब्धी तथा वन उपभोक्ता समूहका सदश्यहरु माथि परेको प्रभाव यस अनुसन्धान परियोजनाको अनुसूची २ मा दिएको सारांशमा उल्लेख गरिएको छ ।

सामुदायिक वन उपभोक्ता समूहका प्रक्रियाहरु तथा संस्थाहरु



ACM पद्धतिका तत्वहर झल्किने खालका देहायका पहलहरु र प्रयोगहरु जिल्लादेखि राष्ट्रिय तहसम्मका सरकारी निकाय, नेटवर्क (सन्जाल) र परियोजनाहरुले बढ्दो संख्यामा गरिरहेको कुरा हामी देख्न सक्दछौं । त्यस्ता पहल तथा प्योगहरु निम्न अनुसार छन् :

- उपभोक्ता समूहद्धारा सानो स्तरमा सञ्चालन गरिएका परीक्षणहरु
- समूह-समूह बीचको आपसी सहयोग र संयुक्त सिकाइ
- ACM र अन्य पद्धतिहरुका प्रक्रियाहरु, यी पद्धति कार्यान्वयन गर्न लाग्ने खर्च तथा यिनीहरुवाट हुने फाइदाको निर्क्योल

## v. साना समूह छलफलवाट **ACM** को बारेमा उत्तर खोजिएका प्रश्नहरु

साना समूह छलफलमा ACM अनुसन्धान परियोजना टोली र अरुले पनि सामुदायिक वनका विभिन्न तहमा ACM पद्धति लागू गर्दा प्राप्त भएका अनुभवको आधारमा निम्न प्रश्नहरुको बारेमा छलफल गरेका थिए :

- सामुदायिक वनमा ACM भन्नाले के बुझिन्छ ? (सामुदायिक वनका अन्य पद्धति भन्दा यो के-कसरी फरक छ र अरु पद्धतिसँग यसको के सम्वन्ध छ ?)

- हाम्रा अनुभवहरुको आधारमा यस ACM पद्धतिले सामुदायिक वनको प्रक्रिया तथा यसवाट प्राप्त हुने उपलब्धीमा थप योगदान पुर्‍याउँछ ? यो पद्धति अपनाउँदा लाग्ने खर्च र जोखिमहरु के-कति छन् ?

- सवै तहमा सिकाइ अनुसारको सुधार गर्दै लैजाने र निर्णयमा पुगेर योजना तर्जुमा गर्नलाई के-कस्ता रणनीति, प्रक्रियाहरु, धारणाहरु, सीपहरु अथवा अन्य अवस्थाहरुले सहयोग पुर्‍याउँछन् र के-के कुराहरुले यसमा अवरोध पुर्‍याउँछन् ?

## vi. प्लेनरीमा सहभागीहरुद्धारा उठाइएका टिप्पणीहरु निम्न अनुसार थिए :

- ACM ले सहभागी हुने चाहना वढाउन कसरी मद्धत गर्छ ? आफूलाई केही फाइदा देखे मात्र मानिसहरुले कुनै काममा भाग लिन्छन् । त्यसो हुँदा ACM पद्धतिमानै पनि सहभागी हुँदाखेरि आफूलाई केही फाइदा हुने भए मात्रै प्रभावकारी ढंगले सहभागी हुने हुन्छ ।

- नेपालको भौगोलिक जटिलताको कारणले सामुदायिक वनमा दुविधाहरु छन् । किनभने तराई पहाड भन्दा र पहाड भन्दा उच्च पहाडहरु फरक छन् । त्यसो हुँदा यी सवै जटिलताहरुलाई समावेश गर्ने हो भने हामीले तराई र उच्च पहाडी क्षेत्रमा समेत ACM पद्धतिको परीक्षण गर्नु पर्छ ।
- सामुदायिक वन परिवर्तनशील भएको हुनाले यो आफै नै नयाँ परिस्थिति र समय अनुसार अनुकूल पार्दै लगिने प्रक्रिया हो । सामुदायिक वनलाई एउटा स्तरिय व्यवस्थापनको रुपमा राखी ACM लाई त्यसैसंग तुलना गर्न मिल्दैन । ऐतिहासिक क्रममा सामुदायिक वनलाई विकासको

क्रम र सिकाइ अनुसार अनुकूल वनाँउदै लगिएको र नेपाल सामुदायिक वनको नामले परिचित भएको हुंदा ACM जस्ता नयाँ शव्दावलीहरु हटाइनु पर्छ ।

- सामुदायिक वन गरेर सिक्दै अगाडि वढ्ने प्रक्रिया हो । ACM र सामुदायिक वनको अवधारणामा कुनै फरक देखिदैन । खालि यति हो कि ACM नयाँ शव्द हो । हामीसँग पहिलेदेखि नै "सामुदायिक वन" शव्द भएको अवस्थामा हामीले त्यही अवधारणाको लागि अरुबाट किन नयाँ शव्दावली लिने ?

- दुईवटा ठाउँमा परीक्षण गरिएका अनुसन्धानका प्राप्त नतिजाहरुको आधारमा सामान्यीकरण गरिहाल्न मिल्दैन । ACM का पद्धतिहरु सामुदायिक वनको प्रक्रियामा व्यापक रुपले समावेश गराउनु भन्दा पहिले सामुदायिक वनको प्रक्रियाले वास्तविक रुपमा के-कसरी काम गर्दैछ भन्ने कुराको स्थलगत अध्ययन गर्न जरुरी छ । ACM पद्धतिको वकालत गर्नु भन्दा पहिले यसको परीक्षण व्यापक रुपमा गरिनु पर्छ ।

ACM को विषय वस्तु (थिम) को प्रस्तुतकर्ताहरुले ACM सामुदायिक वन प्रक्रियाको विकल्प होइन भन्ने कुरा स्पष्ट पार्नु भयो र यस कुरामा जोड पनि दिनु भयो । बरु सामुदायिक वनको व्यवस्थापनमा ACM थप महत्व बढाउने एउटा तरिका हो र यसले उपभोक्ताहरुलाई बढी फाइदा पुऱ्याउन र वनहरुको हैसियत बढाउन थप मद्धत पुऱ्याउँछ । सामुदायिक वनको व्यवस्थापनमा केही समयमा परवर्तन आएको छ भन्ने टिप्पणी पूर्ण रुपमा साँचो हो । सामुदायिक वनको प्रक्रियामा सिकाइहरु भएका छन् भन्ने पनि साँचो हो । सामुदायिक वन अगाडि बढ्दै गरेको प्रक्रियावाट र ACM पद्धतिवाट प्राप्त भएको सिकाइमा फरक के छन् भने ACM वाट भएको सिकाइ सचेत र स्पष्ट हुन्छ जवकि चलिरहेको सामुदायिक वनको प्रक्रियावाट भएको सिकाइ स्वस्फूर्त रुपमा अनुभववाट प्राप्त हुन्छ । त्यसैगरी ACM वाट प्राप्त सिकाइ सहकार्यवाट हुन्छ र सामुदायिक वनको हालको प्रक्रियावाट हुने सिकाइ उपभोक्ता समिति अथवा केही व्यक्तिहरुमा सिमित हुन्छ । यसै गरी ACM र सामुदायिक वन प्रक्रियामा भएका सामान्य फरकहरुमा ACM ले सिकाइलाई प्रभावकारी रुपमा वन उपभोक्ता समूहको व्यवहारमा परिवर्तन ल्याउछ भन्ने कुरा पनि हो । सामान्य सामुदायिक वनको प्रक्रियामा भएका कतिपय सिकाइ प्रयोगमा नल्याइन सक्छन् जवकि ACM मा भएका सिकाइ समूहको व्यवहारमा परिवर्तन ल्याउन प्रयोग हुन्छन् । अर्थात सामान्य सामुदायिक वनको प्रक्रियामा भएका सिकाइवाट भन्दा ACM पद्धति अनुसार वन उपभोक्ता समूहमा छिट्टै वढी प्रभावशाली ढंगले इच्छित परिवर्तनहरु आउँछन् । यस वाहेक ACM पद्धति अनुसार वन उपभोक्ता समूहहरु सिकाइ प्राप्त गर्न पहिले देखि नै क्रियाशील रहने गर्छन् । व्यवस्थापनमा ल्याइने परिवर्तनहरु उपभोक्ताहरुले आपसी आदान-प्रदानवाट प्राप्त गरेका सिकाइहरुलाई लागू गर्ने सर्वोत्तम प्रयत्नहरुमा आधारित हुन्छन् ।

परम्परागत चलन अनुसार अनुसन्धान कर्ता र वनका व्यवस्थापकहरु एउटै मान्छे हुन सक्दैनन् तर ACM पद्धति अनुसार वनका व्यवस्थापकहरु नै अनुसन्धान कर्ता हुन्छन् किनभने खास विषयमा सिकाइ प्राप्त गर्ने उद्देश्यले जानी-जानी व्यवस्थापन गर्ने काम गरिन्छ । यसवाट वन व्यवस्थापकहरुले ठूलो अवसर प्राप्त गर्छन् । ACM पद्धतिले सहभागितामा कस्तो प्रभाव पार्दछ भन्ने कुरावारे प्लेनरीमा उठाइएका विचारहरुको बारेमा यसै प्रतिवेदनको अनुसुची २ मा प्रस्तुत ACM अनुसन्धान परियोजनाको सारांश हेर्नुहोला ।

२.३. जीविकोपार्जन

जीविकोपार्जनका लागि वन कार्यक्रम (LFP) को अनुगमन विभागकी लिज्जी म्याकडोनाल्डले जीविकोपार्जन सम्वन्धी विषयवस्तु (थिम) को बारेमा प्रस्तुति गर्नु भयो । यसका मुख्य बुंदाहरु निम्न अनुसार छन् :

**i.** परिचय

जीविकोपार्जनलाई एउटा "उपलब्धी" को रुपमा अथवा कुनै कामको फलस्वरुप सुधिएको जीविकोपार्जन वा एउटा पद्धतिको रुपमा र विचार गर्ने तरिकाको रुपमा पनि हेर्न सकिन्छ) LFP ले जीविकोपार्जनलाई एउटा पद्धति वा विचार गर्ने तरिकाको रुपमा नै लिएको छ । यो प्रस्तुतिमा जीविकोपार्जनको पद्धतिले नेपालमा वनमा निर्भर रहने मान्छेहरुको जीवनमा कसरी सुधार हुन्छ भन्ने कुरा स्पष्ट पारिएको छ ।

जीविकोपार्जनको बारेमा सोच्ने एउटा तरिका दिगो जीविकोपार्जनको पद्धति हो । जीविकोपार्जनका परिभाषा धेरै छन् । दिगो जीविकोपार्जनको पद्धति लचिलो छ । विशेष सन्दर्भ अनुसार दिगो जीविकोपार्जनलाई बुझ्न सकिन्छ । अर्थात पुरै पद्धतिलाई स्थानीय सन्दर्भमा हेर्न सकिन्छ । जीविकोपार्जनको एउटा परिभाषा यस्तो छ :

"जीविकोपार्जन अन्तर्गत क्षमता, सम्पत्ति (भौतिक तथा सामाजिक दुवै) र जीवन निर्वाहका लागि गरिने क्रियाकलापहरु पर्दछन् ।"

**ii.** दिगो जीविकोपार्जनको पद्धति भनेको के हो र यो कहाँवाट आएको हो ?

विकासको इतिहासमा अपनाइने गरेका सवैभन्दा उत्तम अभ्यासहरुवाट भएका सिकाइहरुलाई एकत्रित गरेर दिगो जीविकोपार्जनका पद्धतिहरुको रुप दिइएको हो । यसलाई वेलायतको अन्तर्राष्ट्रिय विकास विभाग (DFID) ले सन् १९९७ तिर आफ्नो कामलाई अघि बढाउने पद्धतिको रुपमा लिएको थियो । दिगो जीविकोपार्जन पद्धति गरिबी निवारणको लागि एउटा नयाँ दुरदृष्टि (Vision) हो । पहिले पहिले लागू गरिएका विकासका प्रयाशहरुले गरिबीसंग जोडिएका जटिलतायुक्त समस्याहरु समाधान गर्न पर्याप्त भएनन् भन्ने कुरालाई महशुस गरेर यो पद्धति ल्याइएको हो । दिगो जीविकोपार्जनको पद्धतिमा त्यस्ता जटिलतायुक्त सवालहरुलाई व्यवस्थित गरेर हेर्ने अनि ती सवालहरुको बारेमा राम्रोसंग कुरा वुझेर समाधानका उपायहरु खाज्ने गरिन्छ । ACM पद्धतिमा पनि यस्तै खोजी भएको पाइन्छ ।

**iii.** दिगो जीविकोपार्जनको पद्धति अनुसारको सोचाइ भनेको के हो ?

दिगो जीविकोपार्जनको पद्धति गरिबीको बारेमा सोच्ने एउटा तरिका मात्र होइन बरु यो पद्धति "अधिकार प्राप्त गर्ने कुरामा आधारित" छ र विकासका अन्य सोचाइको पूरक भने हो । यसको अतिरिक्त यस पद्धतिको अर्थ हाल सञ्चालन भइरहेका अभ्यासहरुलाई विस्थापित गर्ने पनि होइन । यो पद्धति गरिब जनताहरुले आफ्नो जीवन कसरी विताउँदैछन् भन्ने कुरामा राम्ररी बुझ्न मद्धत पुऱ्याउने एउटा साधन हो । यसरी राम्रोसंग कुरा बुझे पछि प्रभावकारी योजनाहरुको निर्माण गर्न र काम कहाँवाट शुरु गर्ने

भन्ने कुरा पत्ता लाउन अनि लागू गरेका कार्यक्रमले जनताको जीवनमा कसरी मद्धत पुऱ्याउँछ भन्ने कुरा वुझ्न पनि पनि यस पद्धतिले मद्धत पुऱ्याउछ ।

दिगो जीविकोपार्जनको पद्धतिलाई वास्तविक रुपमा कार्यान्वयन गर्नका लागि स्थानीय सन्दर्भ र प्राथमिकताको आधारमा परिवर्तन तथा संशोधन गर्नु पर्ने हुन्छ ।

दिगो जीविकोपार्जनको पद्धति निम्न सिद्धान्तमा आधारित छ र यसमा समाहित हुने कुराहरु निम्न अनुसार छन् :

- यो जनकेन्द्रित हुन्छ ।
- यो उत्तरदायी र सहभागितामूलक हुन्छ
- यो समग्रतायुक्त र गतिशील हुन्छ
- यसमा सुक्ष्म-वृहत्तर (कार्यान्वयन तहदेखि नीतिगत तहसम्म) को सम्वन्ध रहन्छ
- यो दिगो किसिमको हुन्छ र यसले भइराखेका सवल पक्षहरुमाथि आधार बनाएर थप्दै जाने कुरालाई जोड दिन्छ
- यसमा लैंगिक समानता, न्यायोचितता र सामाजिक न्याय तथा गरिबी निवारणका कुराहरु पनि समाहित हुन्छन्

माथि उल्लेखित सिद्धान्तहरु ACM पद्धतिसँग मिल्दा-जुल्दा छन् ।

दिगो जीविकोपार्जनको पद्धति अनुसारका अन्य तत्वहरु निम्न अनुसार छन् :

- जीविकोपार्जनका सम्पतिहरु र तिनीहरुमाथिको पहूँच
- जोखिमपूर्ण अवस्था वा खतराहरु र सम्भावित अवसरहरुको सन्दर्भ
- जीविकोपार्जनका रणनीति तथा उपलव्धीहरु
- नीति, संस्था र प्रक्रियाहरु
- माथि उल्लेखित सवै पक्षहरु बीचको एकापसको अन्तर-सम्वन्ध

जीविकोपार्जनको पद्धति लागु गर्नको लागि हामीले समान तहको, समग्रतायुक्त र व्यवहारिक हिसावको सोचाइ राख्नु पर्छ ।

कार्यक्रमवाट प्राप्त हुने फाइदा गरिब जनताहरुले बढी भन्दा बढी पाउन सक्ने वातावरण वनाउन हामीले समग्रतायुक्त (holistic) ढंगको सोचाइ राख्न जरुरी छ । यसको मतलव वन क्षेत्रभन्दा बाहिर पनि सोचाइ राख्नु भन्ने हुन सक्छ । सहयोगी संस्थाहरले क्षेत्र (sector) छुट्याएर काम गर्ने गर्छन तर जनताका आवश्यकताहरु एउटै क्षेत्रमा मात्र सीमित नभई सवै क्षेत्रमा रहेका हुन्छन् । जीविकोपार्जनको पद्धतिले समग्र परिवेश हेरेर त्यो परिवेश भित्रको सम्वन्ध वुझ्न र समस्याहरु परिभाषित गर्नको साथै अवसरहरु खोज्न मद्धत पुऱ्याउँछ ।

**iv. नेपालमा सामुदायिक वनवाट जीविकोपार्जनमा सुधार ल्याउनका लागि जीविकोपार्जनको पद्धतिको उपयोग कसरी गर्न सकिन्छ ?**

हाल सामुदायिक वन कार्यक्रममा धेरै कुराहरु सकारात्मक भए पनि केही चुनौतीहरु पनि छन् । उदाहरणको लागि :

- धेरै उपभोक्ता समूहहरु सामाजिक तथा जातिगत हिसावले फरक-फरक छन् तर सवै सदस्यहरुले एकै प्रकारले फाइदा पाई रहेका छैनन् ।
- धेरै सदस्यहरुलाई सामुदायिक वनको प्रकियाले समेट्न सकेको छैन ।

जीविकोपार्जनको पद्धति अपनाएर हामी सवै भन्दा गरिब जनताहरु सामुदायिक वनवाट किन वाहिरिएका छन् भन्ने कुरा वुझ्न सक्छौ र वन कार्यक्रमवाट प्राप्त हुने फाइदामा उनीहरुको पहूँच बढाउने कार्यक्रमहरुमा ध्यान केन्द्रित गर्न सक्छौं । गरिबहरु किन र कसरी कार्यक्रममा समेटिएका छैनन् भन्ने कुरा वुझ्नको लागि नीति, संस्था तथा प्रकियाहरुमा के-कस्तो अन्तरकिया हुन्छ भन्ने वुझ्नु महत्वपूर्ण हुन्छ ।

**v. व्यवहारिक रुपमा दिगो जीविकोपार्जनको पद्धति जीविकोपार्जन तथा वन कार्यक्रमले नीति संस्था तथा प्रकियासंग के-कसरी सम्वन्ध राख्छ ?**

जीविकोपार्जनको संरचनाको एक भागले नीति, संस्था र प्रकियाको बारेमा खोजीनीति गर्छ । सामुदायिक वनमा यो खोजीनीतिको अर्थ निम्न अनुसार हुन्छ :

- उपभोक्ता समूहको तहदेखि जिल्ला तह हुँदै राष्ट्रिय तहसम्मको चुनौतिपूर्ण व्यवहार तथा चलन र शक्तिको सम्वन्ध । नेपालको सामुदायिक वनमा उपभोक्ता समूहभित्र रहेको सामाजिक असमानता प्रमुख चुनौति हो ।

- विभिन्न तहमा जातिको व्याख्या कसरी गरिन्छ भन्ने कुरा हेर्नु ।

- नीतिको कार्यान्वयन व्यवहारमा कसरी ल्याइएको छ भन्ने कुरा पत्ता लगाउनु ।

- विभिन्न तहहरु बीचको सम्वन्धमा सुधार ल्याउनु (नीतिहरुलाई बढी भन्दा बढी उत्तरदायी र यथार्थपरक वनाएर, गरिबहरुलाई फाइदा पुग्न सक्ने नीतिहरु वनाएर अनि गरिबहरुले आफ्ना आवश्यकताहरु सम्वन्धी सूचनाहरु नीतिगत तहसम्म कसरी पुऱ्याउन सक्ने खालका उपायहरु विकसित गरेर ।)

स्थानीय तहमा जीविकोपार्जन र वन कार्यक्रम (LFP) ले 'उत्प्रेरणा कार्यक्रम' सञ्चालन गर्दै आएको छ । उत्प्रेरणा कार्यक्रममा स्थानीय गैरसरकारी संस्थाहरुले स्थानीय व्यक्तिहरुलाई नियुक्त गर्छन् र त्यस्ता व्यक्तिहरुले वन उपभोक्ता समूहसंग मिलेर समूहको आन्तरिक व्यवस्थापन प्रणालीसंग सम्वन्धित

सवालहरुमा काम गर्छन् । उत्प्रेरकहरुले सामाजिक प्रक्रियाहरुका सवालमा काम गर्छन् र स्थानीय तहका सेवा प्रदान गर्ने संस्थाहरुको बीचमा सम्पर्क वा सम्वन्ध विकसित गर्न अनि उनीहरुबीच संचार विकसित गर्न मद्धत पुऱ्याउछन् ।

जीविकोपार्जनका लागि वन कार्यक्रम (LFP) ले जिल्ला वन समन्वय समिति मार्फत सरोकारवालाहरुको सञ्चार तथा योजना निर्माणको काममा सहयोग पुऱ्याउने काम गर्दै आएको छ । यसमा विचारहरुको आदान-प्रदान गरेर वन क्षेत्र र यस भन्दा वाहिरका सरोकारवालाहरुको बीचमा साझेदारी विकसित गर्ने अनि जिल्ला तहदेखि राष्ट्रिय तहसम्मको जानकारी प्राप्त गर्ने कुराहरु समेटिएका हुन्छन् । LFP को जिल्ला तहको काममा स्थानीय तहका सेवा प्रदान गर्ने संस्थाहरुले प्रदान गर्ने सेवामा सुधार ल्याउन उनीहरुको क्षमता अभिवृद्धिको कुरा समेटिएको छ ।

LFP ले राष्ट्रिय तहमा सरकार तथा दातृ संस्थाहरुलाई सामुदायिक वनको मात्र नभई क्षेत्रगत पद्धति (Sector-wide approach) अनुसार वनको समग्र व्यवस्थापन सम्बन्धी राष्ट्रिय नीति निर्माण तथा संस्थागत एजेण्डामा काम गर्न सहयोग पुऱ्याउँछ । LFP दातृसंस्थाहरुको तर्फवाट प्रवाह गरिने सहयोगको रकम सरकारी प्रक्रिया अनुसार नै गर्ने तर्फ पनि अगाडि बढ्दै छ । विकासका काममा कम खर्चवाट अधिकतम उपलब्धी प्राप्त गर्नको लागि दातृ संस्थाहरुको संयुक्त पहलमा काम गर्ने कुरामा समेत LFP काम गर्दै छ । LFP ले मन्त्रालय तथा वन विभागलाई गरिबहरुको लागि पहलहरु गर्न सहयोग पुऱ्याउने र प्रोत्साहति गर्ने गर्छ ।

माथि उल्लेखित कुरावाट नीति, संस्था तथा प्रक्रियाहरु ACM अनुसन्धान परियोजनाले अघि सारेका निम्न उल्लेखित कुराहरुसँग जोडिएका वा सम्वन्धित छन् भन्ने कुरा स्पष्ट हुन्छ :

- नीतिहरु स्थानीय व्यवस्थापनका चलनहरुमा कसरी रुपान्तरित भएका छन् ?
- स्थानीय तहमा काम गर्नेहरुको भूमिका कस्तो हुनुपर्छ ?
- स्थानीय तहमा सहकार्यका के-कस्ता संभावनाहरु छन् ?

संक्षेपमा दिगो जीविकोपार्जनको पद्धतिले गरिबी निवारणका लागि हामीलाई समान तहको सोचाइ राख्न मद्धत पुऱ्याउँछ । नेपालको सामुदायिक वनमा 'सामुदायिक वन' अथवा 'वन' कार्यक्रममा मात्र सीमित नभई त्यस भन्दा बाहिर गएर सोच्न जरुरी छ । हामीले समग्रतायुक्त ढंगको सोचाइ राख्न र जनताहरुको जीवनमा रहेका सम्वन्धहरुलाई वुझ्न जरुरी छ । हामीले समस्याहरुको पहिचान गर्ने अनि जनताहरुको जीविकोपार्जनमा सुधार गर्ने विन्दुहरुको संभावनाको खोजी गर्न सक्छौ । नेपाली परिवेशमा दिगो जीविकोपार्जनको पद्धति अनुसारको सोचाइ अंगालिनु जरुरी छ भन्ने कुरा स्पष्ट नै छ । 'दिगो जीविकोपार्जन' को अर्थ र यसको व्याख्या स्थानीय जनताले नेपाली दृष्टिकोण (Perspective) अनुसार अंगाल्न सक्ने हुनु पर्छ । यसो गरे पछि दिगो जीविकोपार्जनको महत्व अझै स्पष्ट हुन्छ ।

यस सम्वन्धमा अझ बढी जानकारी चाहिएमा www.livelihoodsconnect.org मा हेर्नु होला

vi. <u>स-साना गोष्ठीमा विचारहरु प्रस्फुटित गराउने काममा उठ्ने केही सवाल तथा चुनौतिहरुमा समावेश हुनुपर्ने मुख्य बुँदाहरु :</u>

- "वन क्षेत्र भन्दा वाहिर" को सोचाइ राख्ने काम हामीले सरकारका साझेदारहरुसंग कसरी गर्न सक्छौं ?
- नीति नियमहरुको व्याख्या र कार्यान्वयनका तरिकालाई कसरी प्रभावित पार्ने ?
- सम्वन्धित सवै तहमा हुने शक्ति, असन्तुलन संवन्ध र व्यवहारहरुलाई चुनौति दिने
- जीविकोपार्जनमा सुधार आउनु भनेको सम्पतिको संचय भन्दा अझै व्यापक छ
- वन कार्यक्रमलाई जीविकोपार्जनमा कार्यान्वित गर्न उत्तरदायी हुने खालको व्यवस्थापनका अभ्यासहरु हुनु पर्ने
- जीविकोपार्जनका तरिकाहरु गतिशील हुने हुनाले व्यवस्थापन पनि सिकाइ अनुसार सुधार गर्दै लैजाने हुनु पर्छ
- पद्धतिलाई व्यक्तिगत र संस्थागत रुपमा आत्मसात कसरी गर्ने ?

२.४ <u>लैंगिक समानता र सामाजिक न्यायोचितता</u>

ISS को अनुसन्धानका विद्यार्थी (Student) विमला राई पौड्यालले यस विषयको विषयगत (थिम अनुसारको) प्रस्तुति गर्नु भयो जसका मुख्य बुंदाहरु निम्न अनुसार छन् :

i. <u>अवधारणा : लैंगिक समानता र सामाजिक न्यायोचितता</u>

न्यायोचितता भनेको खासगरी निष्पक्षता र न्याय सँग सम्वन्धित हुन्छ । यसलाई विभिन्न किसिमले वुझ्न सकिन्छ । यस कार्यशाला गोष्ठीको सन्दर्भमा भने हामी नेपालको सामुदायिक वन कार्यक्रम भित्रको वन पैदावारको वितरण र यसको नियन्त्रणमा पहूँच जस्ता कुराहरु हेर्नेछौं । यस अर्थमा न्यायोचितता भन्नाले समाज भित्रका सवै भन्दा जोखिमपूर्ण अवस्थाका र आवश्यकता बढी भएका समूहका व्यक्तिहरुको स्रोत तथा वन जस्ता साझा सम्पत्तिवाट हुने फाइदामाथि पहूँच हुनु हो । न्यायोचितताको सवालको सम्वन्धमा हामी वनसंग सम्वन्धित संस्थाहरु खासगरी परिवारहरुको बीच ( धनी गरिब, जात जाति) मा र परिवार भित्र पनि महिला-पुरुष अनि उमेर आदिको तहमा स्रोत माथिको नियन्त्रण तथा पहूँचको अवस्था के-कस्तो छ भन्ने कुराको खोजी गर्छौं ।

स्थानीय तहमा साझा सम्पत्तिको व्यवस्थापनमा उपभोक्ताहरुले आफ्नो लागि न्याय खोज्ने कुरामा समानता र न्यायोचितता दुवैले उत्तिकै महत्व राख्दछन् तापनि नीजी स्रोतवाट प्राप्त हुने स्रोतको असमानता भएको हाम्रो समाजमा साझा सम्पत्ति माथिको पहूँचको कुरामा न्यायोचितता हुनु बढी नै महत्वपूर्ण हुन्छ । सामुदायिक वनमा विभिन्न समाजिक-आर्थिक वर्गका मानिसहरु कसरी सहभागी हुन्छन् र उनीहरुको बीचमा लाभांश वितरण कसरी हुन्छ भन्ने कुरासंग सामाजिक न्यायोचितता सम्वन्धित हुन्छ । लाभांशको वितरण र व्यवस्थापनमा लाग्दा वहन गर्नु पर्ने वोझ यसमा संलग्न व्यक्तिहरुको लागि न्याय, आवश्यकता र उनीहरुको क्षमतामा आधारित हुनुपर्छ भन्ने धारणा हो ।

सामुदायिक वनमा सामाजिक न्यायको विषयमा चर्चा गरिरहँदा यसभित्र सामुदायिक वन उपभोक्ता समूहका विभिन्न वर्ग, जात-जाति, लिङ्ग तथा उमेरका उपभोक्ताहरुलाई समूहको निर्णय प्रक्रियामा प्रभावकारी रुपले सहभागी हुन सक्षम वनाउने तथा उनीहरुका आवश्यकता अर्थात प्राथमिकताको आधारमा लाभांशको वितरण हुने भन्ने कुरा पर्दछन भन्ने वुझ्नु पर्छ । यसो भए तापनि समुदायहरुमा विद्यमान असमान शक्ति सम्वन्ध एवं अवसरहरु प्राप्त गर्ने कुरामा असमानता भएको कारणले स्रोतको उपयोग गर्ने कुरामा न्योयोचितता लागू गर्ने कुरा निकै नै चुनौतिपूर्ण छ ।

लैंगिक समानता र न्यायोचितताको कुरा सामाजिक न्यायको महत्वपूर्ण पक्ष हो । खासगरी एउटै सामाजिक तथा आर्थिक वर्गका महिला तथा पुरुषमा समेत शक्ति सम्वन्धमा असमानता हुने कुरासंग यसको सम्वन्ध हुन्छ । जेन्डर सम्वन्ध भन्नाले समाजमा भएका महिला र पुरुष बीचको सहयोग तथा विरोधाभासको सम्वन्ध भन्ने वुझ्नु पर्छ । (अग्रवाल १९९४) । यो सम्वन्ध शारीरिक भिन्नताको हिसावले भन्दा पनि समाजले वनाएको हुन्छ र समय, ठाउँ, वर्ग, जात-जाति, उमेर आदि जस्ता कुराहरुले फरक पार्ने हुन्छ । स्रोतको व्यवस्थापनमा लैंगिक न्यायोचितताको विश्लेषण गर्दा महिला तथा पुरुषको बीचमा श्रम विभाजन, उनीहरुको भूमिका, महिला र पुरुषसँग रहेको स्रोत र लाभांश वितरण जस्ता कारणले शक्तिको सम्वन्ध र यसवाट एक अर्कामा पर्ने प्रभावलाई वुझ्नु पर्ने हुन्छ ।

### ii. सामुदायिक वनमा न्यायोचितताको महत्व

नेपालको सामुदायिक वनमा सामाजिक न्यायोचितताासँग सम्वन्धित विद्यमान सवालहरु :

- क्षेत्रीय न्यायोचितता र क्षेत्रीय विविधता (तराई र पहाड)
- वनको प्रकार तथा वन रहेको ठाउँको आधारमा समुदाय-समुदाय बीच रहेका भिन्नता
- समुदाय भित्रै पनि विभिन्न जात-जाति, वर्ग र पेशा भएका मानिसहरु भएको र घर-घरको बीचमा रहेको भेदभाव
- घर भित्रका सदस्यको बीचमा (परिवार भित्र पनि महिला-पुरुष, वुढो, भर्खरको आदि ) हुने भेदभाव

स्थानीय तहमा वनको नजिकै वस्ने परिवारले र टाढा वस्ने (कहिलेकाहिं वजारतिरका पनि) ले पनि कुनै न कुनै रुपमा वन पैदावारको उपयोग गर्छन् । उनीहरुको जीवनमा वन पैदावारको महत्व पनि धेरै फरक-फरक खालको हुन्छ । केही मानिसहरुको लागि वन जीविकोपार्जनसँग जाडिएको हुन्छ । किनभने वन उनीहरुको लागि एउटै मात्र विकल्प पनि हो । अर्कोतिर अरु मानिसहरुको लागि वन महत्वपूर्ण भए पनि उनीहरुको जीविकोपार्जनको प्रणालीमा वन पैदावारले कम महत्व राख्छ । यसरी “वन माथि निर्भर हुने मानिसहरु” र “वनका उपभोक्ताहरु” को बीचमा रहेको फरक स्थानीय तहमा सामाजिक न्योयोचितताको विश्लेषण गर्दा धेरै नै महत्वपूर्ण देखिन्छ । सामुदायिक वनमा न्यायोचितता र न्यायको कुरा गर्दा वनमा असमान किसिमले निर्भर हुने मानिसहरुको वन माथिको अधिकार पनि सोही अनुसार हुनु पर्छ ।

## iii. वन पैदावारको वितरणमा विशेष वर्ग, महिला र पुरुषहरु

वन पैदावारहरु नीजी अथवा साझा वनवाट अथवा वजारवाट प्राप्त गरिन्छ । सीमित जग्गा हुनेहरु अथवा हुँदै नहुनेहरु तथा वन पैदावारको आपूर्ति गर्न नीजी सम्पत्ति वा आयस्रोत नहुनेहरुको लागि सामुदायिक वन अथवा साझा वन माथिको पहूँच विशेष महत्वपूर्ण हुन्छ । आर्थिक रुपले विपन्न वर्गको लागि साझा सम्पत्ति माथिको पहूँच अथवा नियन्त्रणमा पर्ने प्रभावको असमानतालाई विचार पुऱ्याइनु पर्छ, किनभने वन विनास अथवा व्यवस्थापन प्रणालीमा भएको परिवर्तनले गरिब घर परिवारको जीविकामा गम्भिर असर पार्ने हुन्छ ।

वन पैदावार प्राप्त गर्ने कुराहरुमा महिलाहरुको आवश्यकतालाई पनि विशेष रुपले हेरिनु जरुरी हुन्छ । घर परिवार तथा समुदायमा महिलाहरुको भूमिकालाई हेर्दा पनि वन्य स्रोतमाथि महिलाहरु नै बढी निर्भर हुन्छन् । उदाहरणको लागि, दाउरा, स्याउला, डाले घाँस, घाँस तथा गैर काष्ठ वन पैदावार सङ्कलन गर्ने काम घर परिवारमा होस् या समुदायमा होस् महिलाहरुले नै गर्छन् । अतः वनको व्यवस्थापनमा ल्याइने परिवर्तनहरुले वन पैदावार माथिको पहूँचमा सामान्यतया महिलाहरु र त्यसमा पनि खासगरी गरिब, महिलाहरुलाई प्रत्यक्ष असर पर्दछ, यस्तो असर उनीहरुको जीविकोपार्जनका लागि सकारात्मक वा नकारात्मक दुवै हुन सक्छ । यसर्थ न्यायोचिततालाई विश्लेषण गर्दा वर्ग तथा महिला विशेषको वन पैदावार माथिको पहूँच के-कस्तो छ भनेर हेर्नु अत्यन्त आवश्यक हुन्छ । यहाँ सामुदायिक वन उपभोक्ता समूहको न्यायोचितता भन्नाले सामान्यत गरिब घर परिवारहरु र त्यसमा पनि खासगरेर सक्रीय सहभागितालाई हेर्नु पर्ने हुन्छ । त्यस्तै गरी आफ्नो जीविकोपार्जनका लागि वनमा आश्रित हुने यस्ता समूहहरुको पहूँच स्रोतमाथि वढाइनु पर्छ । त्यसकारण यसको लागि वन उपभोक्ता समूहको निर्णय प्रकियामा त्यस्ता उपभोक्ताहरु सकिय रुपमा सहभागी भइरहेका छन् कि छैनन् ? आफ्ना चासोका कुराहरु भन्न र सुनाउन उनीहरु सक्षम छन् कि छैनन् ? वन पैदावार माथि उनीहरुको पहूँच बढेको छ कि छैन भन्ने जस्ता कुराहरु अहम सवालहरु हुन् ।

## iv. वन पैदावारको वितरणमा जात तथा व्यवसाय

वन पैदावारको वितरणमा वर्ग तथा महिला विशेषको अतिरिक्त जात तथा पेशा विशेषलाई पनि विचार पुऱ्याउनु पर्ने हुन्छ । कामीहरु तथा वन पैदावारमा आधारित पेशा भएका जातहरु आफ्नो जीविकोपार्जनका लागि परम्परा देखि नै वनमा आधारित उद्योगहरुमा आश्रित हुन्छन् । न्यायोचितताको विश्लेषण गर्दा त्यस्ता समूहका मानिसहरुको जीवनमा वन व्यवस्थापनका नियमहरुले वन्य स्रोतमाथिको उनीहरुको पहूँचमा के-कसरी असर पारेको छ भन्ने पनि हेर्नु पर्ने हुन्छ । किनभने वनको हैसियत विग्रदै जानु र वन व्यवस्थापनका नियमहरुमा परिवर्तन आउनु जस्ता कुराहरुले त्यस्ता समूहका मानिसहरुको जीविकोपार्जनमा धेरै ठूलो असर पार्न सक्छ । त्यस्ता समूहका मानिसहरुको लागि न्यायोचितताको कुरामा विचार पुऱ्याउँदा यिनीहरुको लागि सुरक्षित र संभव हुन सक्ने जीविकोपार्जनका विकल्पहरु उपलव्ध गराउनु पर्ने हुन्छ । एउटा महत्वपूर्ण प्रश्न के हो भने सामुदायिक वनका वर्तमान नीतिहरु तथा अभ्यासहरुमा यस किसिमका विकल्प दिन सकिने प्रावधानहरु छन् त ?

विभिन्न तहका संस्थाहरुले वन पैदावारको वितरणको प्रणालीमा सिधै परिवर्तन ल्याएर प्रत्यक्ष रुपमा र वनसँग सम्वन्धित सवालहरु उठाएर अथवा खास-खास सम्वन्ध वा अधिकारलाई अधिनस्थ गर्ने कुरामा

चुनौति दिएर वर्ग, जात-जाति र महिला-पुरुषको सम्वन्धको स्वरुप (इच्छित) मा परिवर्तन ल्याउने काम गर्न सक्छन् । यी संस्थाहरुले समाज भित्रका विभिन्न समूहका व्यक्तिहरु बीच आर्थिक, सामाजिक तथा राजनैतिक सम्वन्धहरुमा परिवर्तन ल्याउने संभावना पनि देखिन्छ । यसो भए पनि न्यायोचितता भने नभएको हुन सक्छ । तर विपन्न वर्ग तथा महिलाहरु सक्रिय रुपमा सहभागी हुन सक्ने वातावरण भएको र विभिन्न तहमा समाजिक-आर्थिक वातावरण समेत सहज भएको खण्डमा मात्र यस्ता संस्थाहरुले माथि उल्लेख भए वमोजिमको परिवर्तन ल्याउन सक्छन् । परिवर्तनको वास्तविक उपलब्धीलाई वुझ्नको लागि सुक्ष्म तहसम्म प्रवेश गरी त्यस्ता संस्थाहरुमा कसको, कुनवेला र कसरी पहूँच हुनसक्छ तथा संस्थाका नियम र कार्य प्रणालीले त्यस्ता वर्गका मानिसहरुको वनमाथिको पहूँचमा के-कस्तो असर पारेको छ भन्ने वुझ्न आवश्यक हुन्छ ।

त्यसो हुँदा हुँदै पनि, उपभोक्ता समूहहरुमा न्यायोचितताको विश्लेषण गर्दा हामीले के कुरा बुझ्नु जरुरी छ भने सानो ठाउँ (उपभोक्ताको तह) मा मात्र काम गरेर पर्याप्त हुदैन, नीति तथा अभ्यासहरु माथिल्लो तहदेखि कार्यान्वयन भएर आउनु पर्छ । यसैगरी बीचको तह (उपभोक्ता तहभन्दा माथि काम गर्ने) सम्म पनि त्यस्ता अभ्यासहरु हुनु उत्तिकै जरुरी हुन्छ । यसैगरी नियम कानूनले न्यायोचितताको कुरा उल्लेख गरेको जस्तो देखिने भए पनि अन्तिममा फाइदा पाउने वेलामा भने हालको आर्थिक स्तर तथा स्रोतमाथिको पकडले त्यस्ता नियमहरुवाट फाइदा लिन निर्णयहरु हुनाले धेरै जसो न्यायोचितता नभएको पनि हुन सक्छ ।

**v.** न्यायोचितता सम्वन्धी वुझाइ : सामुदायिक वनमा समेटिने र वाहिरिने प्रक्रिया

सामुदायिक वनमा न्यायोचितताको विष्लेषण गर्दा विभिन्न आर्थिक-सामाजिक वर्गका मानिसहरु वन उपभोक्ता समूहमा समावेश हुने अथवा नहुने प्रक्रियाको बारेमा पनि विश्लेशण गर्नु आवश्यक हुन्छ । सामुदायिक वनमा न्यायोचितताको विश्लेषण तलको ढाँचा अनुसार हेर्न सकिन्छ :

वन उपभोक्ता समूहहरुमा सदस्यता

वन उपभोक्ता समूहको सदस्य भएपछि वन व्यवस्थापनवाट प्राप्त हुने फाइदा लिन पाइने हुन्छ । सिद्धान्ततः सामुदायिक वन कार्यक्रममा सम्वन्धित सवै मानिसहरुलाई एउटा खास वनको उपभोक्ता समूहमा अधिकार प्राप्त सदस्य वन्ने र फाइदा पाउन सक्ने समान अवसर उपलब्ध हुने प्रावधान राखिएको हुन्छ । तर व्यवहारमा भने जनसंख्या, आर्थिक, राजनीतिक, सामाजिक र सांस्कृतिक कुराहरुले उपभोक्ता पहिचानको प्रक्रियालाई प्रभाव पार्ने गरेको पाइन्छ । समुदायहरु भित्र पहिले देखि नै सावधानी अपनाइएन भने ठूलो सानो भन्ने विद्यमान संरचनाले समुदायका कमजोर समूहका मानिसहरु, त्यसमा पनि खासगरी भूमिहीन तथा साना किसानहरु (महिला तथा महिला घरमूली भएका घरहरु समेत) लाई उपभोक्ता सदस्य हुने कुरामा अधिकार दावी गर्न नसक्ने अवस्था ल्याउन सक्छ र उनीहरु प्रक्रिया भित्र नसमेटिन पनि सक्छन् ।

वन उपभोक्ता समूहको सदस्यताको एकाइ घर धुरी हुने हुनाले लैंगिक असमानता तथा न्यायोचितताको विषयमा गम्भीर प्रश्न उब्जन्छ । किनकि समूहको सदस्य वन्ने वर्तमान प्रावधान अनुसार एउटा धर धूरीवाट एकजना अधिकार प्राप्त सदस्य (प्रायः गरेर घरमूली) हुन पाउँछ । नेपालमा धेरै जसो ग्रामीण

समुदायमा घरमूली पुरुष नै हुन्छन् । अर्कोतिर हालको लैंगिक श्रम विभाजन अनुसार महिला र केटाकेटी (वुढावुढी पनि) ले वन पैदावारको सङ्कलन, उपयोग र व्यवस्थापन गर्ने गर्दछन् तर उनीहरु उपभोक्ता समूहको वैध सदस्य भने हुदैनन् । यसले पनि लैंगिक असमानताको सवाल उव्जाएको छ ।

<u>निर्णय प्रक्रियामा सहभागिता</u>

विभिन्न सामाजिक-आर्थिक वर्गका मानिसहरुलाई सामुदायिक वनमा सक्रिय रुपले सहभागी हुन सम्वन्धित वन उपभोक्ता समूहको सदस्यता प्राप्त हुनु मात्र पर्याप्त कुरा होइन । सामुदायिक वनमा मानिसहरुको सहभागितालाई दुइवटा विस्तृत वर्गमा बांडेर हेर्न सकिन्छ :

१. कार्यान्वयनमा हुने सहभागिता र
२. निर्णय प्रक्रियामा हुने सहभागिता

सक्रिय सहभागिता हुनको लागि समूहको सदस्य हुने र श्रमदान गर्ने कुरामा मात्र सीमित नभई व्यवस्थापन समितिको सदस्यता, वैठकहरुमा उपस्थिति, आफ्नो आवश्यकताको बारेमा उठाइएको आवाज मान्य हुने र आफ्ना दृष्टिकोणहरुले निर्णय प्रक्रियामा पार्ने प्रभाव जस्ता कुराहरु हुनु पर्छ । समुदायका कमजोर वर्गका मानिसहरुको सक्रिय सहभागिताको अभावमा सामुदायिक वनमा लाग्ने श्रम र फाइदा वितरणमा न्यायोचितता हुँदैन ।

सहभागिताको प्रक्रिया सुनिश्चित गर्ने तत्वहरुमा सहभागिताको लागि चाहिने वातावरण र व्यक्तिको आफ्नो चाहना पनि पर्दछन् । वातावरणीय तत्वमा संस्थागत, आर्थिक एवं सामाजिक-सास्कृतिक संरचना, उपलव्ध समय र बजेट अनि जानकारी तथा सूचना प्रणालीमा हुने पहूँच जस्ता कुराहरु पर्दछन् ।

यसै गरी व्यक्तिगत तहमा व्यक्तिको चाहना, जानकारी खोज्ने वानी, शक्ति सम्वन्धलाई हेर्ने तरिका र व्यक्तिको प्रवृत्ति जस्ता कुराहरु पर्दछन् । वन उपभोक्ता समूहको न्यायोचित सहभागिता सम्वन्धी विश्लेषण गर्दा वर्ग, जात तथा लैंगिक सम्वन्धहरुले वन उपभोक्ता समूहमा सकीय सहभागितामा बाधा पारेको छ कि छैन ? छ भने कसरी पारेको छ भन्ने विषयको परीक्षण गर्नु पर्ने हुन्छ । त्यसैले कुनै व्यक्ति सहभागी हुने-नहुने भन्ने कुरा विश्लेषण गर्दा वातावरणीय र व्यक्तिगत दुवै पक्षलाई हेर्नुपर्छ । यसको अतिरिक्त समाजमा निर्णय गर्ने चलन कस्तो छ र यस्ता निर्णय गर्दा कसको प्रतिनिधित्व हुने भन्ने वारेका विद्यमान चलनहरु र अनौपचारिक सम्वन्धहरुले कुनै व्यक्ति निर्णय प्रक्रियामा सहभागी हुने वा नहुने कुरा निश्चित गर्दछन् ।

माथि उल्लेखित कुराहरु भनेका अनौपचारिक संस्थाहरु हुन् । यस्ता संस्थाहरुले को सहभागी हुने र कस्तो अवस्थामा सहभागी हुने जस्ता कुरालाई प्रभाव पार्दछन् भन्ने बारेमा विचार पुऱ्याउनु पर्छ ।

स्रोत माथिको पहूँच तथा नियन्त्रण

स्रोतबाट फाइदा पाउने र स्रोतको उपयोग गर्न सक्ने अधिकार तथा क्षमता भन्नाले व्यक्तिको स्रोत माथिको पहूँच भन्ने वुझ्नु पर्छ । वन्य स्रोत माथिको पहूँच भनेको वन्य स्रोतको उपयोग गर्न पाउने र त्यसवाट फाइदा लिन सक्ने कानूनी अधिकार तथा भइ राखेका चलनका कुराहरु पर्दछन् ।

संस्थाहरुको सदस्यताले स्रोतहरुको उपयोग गर्ने र फाइदा पाउने कानूनी अधिकार प्राप्त हुन्छ । संस्थाहरुको निर्णय प्रक्रियामा हुने सहभागिताले मानिसहरुलाई नियम वनाउने कुरालाई प्रभावित पार्न, स्रोतमाथि नियन्त्रण र पहूँच पुऱ्याउन तथा स्रोतको उपयोग गर्न सक्षम वनाउँछ । धेरै अवस्थामा मानसिहरु सक्रीय रुपमा सहभागी भएर स्रोतमाथिको पहूँच हुनेगरी नियम बनाए पनि स्रोतमाथि उनीहरुको पहूँच हुन्छ भन्ने कुरा सुनिश्चित हुँदैन । अन्य धेरै तत्वहरु पनि यस्ता कुराहरुसंग जोडिएका हुन्छन् । स्रोतमाथिको असमान नियन्त्रण भएको समाजमा उपभोक्ताहरुको स्रोतमाथिको पहूँच उनीहरुको सहभागितामा मात्र निर्भर हुने नभई स्रोतहरुको उपयोग गर्न सक्ने उनीहरुको खुवीमा पनि भर पर्ने हुन्छ । उदाहरणको लागि ठूला किसानहरुले सामुदायिक वनवाट धेरै स्याउला र काठ ल्याउँछन् । उनीहरुले ठूलो परिमाणमा फाइदा लिन्छन्, किनभने अरुको भन्दा उनीहरुका वस्तुभाउ धेरै हुन्छन् र उत्पादनका अन्य कामहरुमा धेरै काठ चाहिने हुन्छ । उनीहरु वन पैदावार प्राप्त गर्न चाहिने खर्च गर्न सक्ने हुन्छन् । जवकि गरिवहरुले ती कुरामा खर्च गर्न सक्दैनन् । सम्पत्ति, सामाजिक सम्वन्ध, शिक्षा र वजारमा पहूँच हुनसक्ने सुविधा भएका मानिसहरुले वढी नै फाइदा लिनसक्छन् ।

संस्थाहरुले कुनै व्यक्तिको स्रोत प्राप्त गर्ने क्षमता र स्रोतमा हक प्राप्त गर्ने कुरालाई कम या वेसी दुवै गर्न सक्छन् । तर सामुदायिक वनवाट प्राप्त फाइदाको असमान वितरणको सवालमा काम गर्ने उपभोक्ता समूहको संभावित क्षमता भने समूह सञ्चालनको प्रकिया, समूह भित्रको वातावरण र यस्ता सवालहरुमा काम गर्न सक्षम वनाउन सहयोग पुऱ्याउने संस्था जस्ता कुरामा निर्भर गर्दछन् ।

सामुदायिक वन कार्यक्रममा सामाजिक न्यायोचिततालाई वुझ्नलाई वहूसंख्यक चल तत्व (Variables) हरुले यसमा असर पारेका हुन्छन् भन्ने कुरालाई मान्यता दिइनु पर्छ । यसमा विभिन्न तहका औपचारिक तथा अनौपचारिक संस्थाहरुको सह-अस्तित्व पत्ता लाउने चुनौति भने वाँकि नै रहिरहेको हुन्छ । विभिन्न सरोकारवालाहरु र यसमा काम गर्ने उनीहरुको प्रतिवद्धता एवं सवालहरुलाई मान्यता दिने कुरा अझै महत्वपूर्ण हुन्छ ।

**vi.** लैंगिक समानता र सामाजिक न्यायोचितता सम्वन्धी साना समूह छलफलका मुख्य प्रश्नहरु :

- लैंगिक समानता र न्यायोचितता माथि सामुदायिक वन कार्यक्रमले नकारात्मक वा सकारात्मक कस्तो असर पारेको छ ?
- लैंगिक (महिला-पुरुष) वर्ग र जात जातिको सन्दर्भमा सामुदायिक वनवाट कसले वढी फाइदा पाउँछ र कसले गुमाउँछ ?
- स्थानीय तहमा सामुदायिक वनबाट फाइदा लिने कुरामा न्यायोचितता हुनको लागि के-कस्ता तत्वहरुले सहज तथा असहज बनाउँछन् ?

- सामुदायिक वनको प्रक्रिया तथा यसको नतिजालाई अझ वढी न्यायोचित वनाउन महिला-पुरुष दुवैको लागि सहयोग पुग्ने खालको कसरी वनाउन सकिन्छ ?

vii. प्लेनरी छलफलवाट आएका सुझावहरुमा समेटिएका कुराहरु :

- न्यायोचितता भनेको मनोवैज्ञानिक प्रकृया हो । पिछडिएका मानिसहरुले मनोवैज्ञानिक किसिमले आफूहरु वञ्चित नभएको महशूस गरे भने मात्र आफ्नो हक खोज्न र आफूलाई फाइदा पुग्नेगरी सहमतिको विन्दूमा पुग्ने कुरामा सचेत र दृढ हुन सक्छन् । के ACM ले यो सचेतता र दृढतालाई वढाउनको लागि सहजीकरण गर्दछ ?

- सामुदायिक वनमा न्यायोचितताको कुरा गर्दा हामीले वनवाट टाढा वस्ने उपभोक्ताहरुको लागि पनि न्याय हुने कुरालाई पनि ध्यान दिनु पर्ने हुन्छ । सामुदायिक वनको हालको स्वरुपले साझा वनको नजिक बस्ने र टाढा वस्ने उपभोक्ताहरुको बीचमा न्यायोचितता कायमा राख्न कसरी सग्दछ भन्ने बारेमा हामीले सोच्नु पर्छ र यस सम्वन्धमा परीक्षणहरु पनि गर्नु पर्छ ।

- समाज तथा घर परिवारमा महिला तथा पुरुषको सम्वन्ध र भूमिका सधैंभरि एकै नासे रहिरहदैन । सामाजिक-आर्थिक भिन्नता, जात-जाति र समय अनुसार यसमा पनि फरक हुन्छ । समुदाय भित्रका अरु सामाजिक-आर्थिक भिन्नताले महिला तथा पुरुष बीचको सम्वन्ध तथा भूमिकालाई कसरी प्रभावित पार्छ भन्ने कुरा वारे पत्ता लगाइनु जरुरी हुन्छ ।

- तराई सामुदायिक वनको सवाल महत्वपूर्ण सवाल हो । तराईका उपभोक्ताहरुलाई स्थानीय वन व्यवस्थापन र उपयोग गर्न नदिनु अन्याय हुन्छ र यो न्यायोचित होइन । न्यायोचितताको सवालमा विचार गर्दा क्षेत्र अनुसारको न्याय र न्यायोचितता सम्वन्धी छलफलहरु समावेश हुनु पर्छ । यसैगरी वन उपभोक्ता समूह-समूहको बीचमा हुनु पर्ने न्यायोचितता सम्वन्धी कुराहरु पनि सामुदायिक वनमा महत्वपूर्ण हुन्छन् ।

- सामुदायिक वनमा महिलाहरुको सहभागिता र प्रतिनिधित्व सीमित छ भन्ने कुरा सवैले मानेको सवाल हो । स्थानीय तहमा महिला र पुरुष बीचको भूमिकाको दूरीले नीतिगत तहमा समेत असर पारेको छ । सामुदायिक वनको नीतिगत र कार्यान्वयन तहमा महिलाहरुको प्रतिनिधित्व एकदमै कम छ र छंदै छैन भने पनि हुन्छ ।

- नीतिगत तहमा भएको यो दूरीले स्थानीय (सुक्ष्म) तहको नतिजालाई प्रभावित पार्न सक्छ । यसैले हामीले यसलाई आन्तरिक रुपमा सम्वन्धित सवालको रुपमा लिएर हेर्नुपर्छ र वास्तविक रुपमा परिवर्तन ल्याउन एउटा मात्र तहमा काम गरेर पुग्दैन भन्ने बुझ्न जरुरी हुन्छ ।

- सामुदायिक वनमा न्यायोचितता कायम नहुने कुरामा वन विभागको कर्मचारीतन्त्र आफैं पनि उत्तरदायी छ । कर्मचारी तन्त्रले आज पनि शक्ति आफ्नो हातमा नै लिइरहन चाहने कुराले गहिरो गरी जरा हालेको छ । र सामुदायिक वनको प्रक्रियामा शुद्ध सहजकर्ता हुन वनका कर्मचारीहरु तयार छैनन् । राम्रो अवस्थाका वन समुदायलाई हस्तान्तरण गर्न ग्राह्यो मान्ने अनि पुलिसको जस्तो भूमिका खेल्ने जस्ता कुराहरुले उनीहरुले अझै पनि अधिकार आफ्नो हातमा लिइरहन चाहेका छन् भन्ने कुरा यसका उदाहरण हुन् । सव भन्दा पहिले यस्ता कुराहरुको समाधान गर्नु जरुरी छ किनभने यस्ता कुराहरुले स्थानीय तहमा न्यायोचितता प्राप्त गर्ने कुरालाई प्रभाव पार्छन् ।

- स्थानीय तहमा न्यायोचितता सम्वन्धी सवालमा काम गर्ने पद्धति र अभ्यासहरु ठाउँ तथा परिस्थिति अनुरुप फरक प्रकारका हुन्छन् । त्यसैले सवै ठाउँमा वा अवस्थामा एउटै प्रक्रिया र अभ्यास लागू हुन्छ भन्ने छैन । 'आवश्यकता' अनुसारको भन्ने दृष्टिकोणमा आधारित न्यायोतितता  एउटा परिवेशमा काम गर्छ भने 'योगदान' अनुसारको भन्ने दृष्टिकोणमा आधारित न्यायोचितता अर्को ठाउँमा लागू हुन सक्छ । हामीले स्थानीय परिवेशलाई वुझ्न र स्थानीय तहमा न्यायोचितता कायम गर्न मानिसहरुले के-कस्ता प्रयास गरेका छन् र के-कस्ता अभ्यासहरु विद्यमान छन् भन्ने कुराहरुवाट सिक्न आवश्यक हुन्छ ।

## २.५. <u>वनको दिगोपना र जैविक विविधताको संरक्षण</u>

IUCN नेपालका सागेन्द्र तिवारीले वनको दिगोपना र जैविक विविधता सम्वन्धी विषय (थिम) को बारेमा प्लेनरीमा प्रस्तुत गर्नु भयो । उहाँको प्रस्तुतिका मुख्य निम्न अनुसार छन् :

### **i.** <u>दिगोपना भनेको के हो ?</u>

स्रोतहरुको प्रयोग सधैंभरि भइरहन सक्ने अवस्था (क्षमता) स्रोतको दिगोपना हो । दिगोपना भनेको स्रोतहरु लैजाने, ल्याउने, उत्पादन हुने, पुनरुत्पादनको क्षमता हुने विषयको कुरा हो । दिगोपना कायम गर्न तलको काम हुनु पर्छ :

- प्रयोग तथा खपतको औचित्य स्थापित गर्नु
- अधिकतम उत्पादन हुने गरी व्यवस्थापन गरिनु

**ii. वातावरणविद् तथा अर्थविद्हरुको दृष्टिकोणमा दिगोपना**

सामाजिक उद्देश्यहरु
सशक्तिकरण, सहभागिता,
सामाजिक गतिशीलता, सामाजिक सहकार्य, सांस्कृतिक परिचय,
संस्थागत विकास




आर्थिक उद्देश्यहरु
वृद्धि
न्यायोचितता
प्रभावकारिता

पारिस्थितिकीय उद्देश्यहरु
एकिकृत पारिस्थितिकीय प्रणाली
वहन गर्ने क्षमता
जैविक विविधिता
विश्व (Global) स्तरका सवालहरु

सामाजिक उद्देश्यहरु
न्यायोचितता, गरिबी निवारण




आर्थिक उद्देश्यहरु
वृद्धि
दक्षता

पारिस्थीकीय उद्देश्यहरु
प्राकृतिक स्रोत व्यवस्थापन

पारिस्थीकीय लक्ष्य प्राप्ति

- पारिस्थीकीय प्रणालीको संरचना र यसले काम गर्ने तौर तरिकामा अन्तरक्रिया हुने
- वातावरणमा ह्रास नआउने
- जैविक विविधता कायम रहने

सामाजिक लक्ष प्राप्ति

- सहभागिता
- जिम्मेवारी तथा उत्तरदायित्वको बाँडफाँड
- पारदर्शिता, प्रजातिन्त्रिक मान्यता र मूल्यहरु
- सवै खाले निर्णय प्रक्रियामा र लाभांश वितरणमा न्यायोचितता

आर्थिक लक्ष्य प्राप्ति

- उत्पादन तथा उत्पादकत्वमा वृद्धि
- वजार तथा वजारीकरणमा सम्वन्ध जोडिएको
- वैकल्पिक उत्पादनका चलनहरु र जीविकोपार्जन तथा जैविक विविधताका मूल्यहरुलाई वेवास्ता गरिन्छ

iii. वनको उत्पादन तथा उत्पादकत्व बढाउने काम : पारिस्थीकीय तथा आर्थिक पद्धतिहरु

| वनको उत्पादन तथा उत्पादकत्व वढाउने काम | |
|---|---|
| परिस्थीकीय पद्धति | आर्थिक पद्धति |
| अधिकतम उत्पादन लिनको लागि पारिस्थीकीय प्रणालीको पुर्नस्थापना गर्ने | उत्पादनलाई अधिकतम वनाउन पारिस्थिकीय प्रणालीलाई प्रभावित पार्ने |
| व्यवस्थापनका हस्तक्षेपहरुलाई कम भन्दा कम गर्ने | वढी भन्दा वढी व्यवस्थापनका हस्तक्षेपहरु लागू गर्ने |
| परम्परागत ज्ञानमा आधारित | वैज्ञानिक ज्ञान तथा प्रविधिमा आधारित हुने |
| उत्पादनमा विविधता | इच्छाए अनुसारको गुण तथा परिमाण अनुसारको उत्पादन लिने |
| दिगोपनाको सुनिश्चिता | दिगोपनामा प्रश्न गर्न सकिने |

**iv.** <u>वनको दिगोपनासँग सम्वन्धित सवालहरु</u>

- पारिस्थिकीय सम्पत्ति, सेवाहरु अनि जैविक विविधताको अर्थशास्त्रको बारेमा सीमित मात्रामा अध्ययन भएकृ छ
- प्राकृतिक स्रोतमा आएको ह्रास तथा वातावरणमा भएको दवावले धनीलाई भन्दा गरिबलाई अप्ठेरो पार्छ
- पारिस्थीकीय प्रणालीलाई प्रभावित पारेर वन पैदावारको उत्पादन अधिक्तम वनाउने कामले जैविक विविधतामा नकारात्मक असर पार्छ

**v.** <u>सामुदायिक वनमा जैविक विविधता एवं दिगोपनासँग सम्वन्धित प्रमुख प्रश्नहरु :</u>

- सामुदायिक वन सम्वन्धी हाम्रो अनुभवः सामुदायिक वन मानिसहरुको जीविका सम्वन्धी आवश्यकता परिपूर्ति वा वजारमुखी बाटोतिर जाँदै छ अथवा यसमा केहि पनि भएको छैन?

- सामुदायिक वनमा भएका पहलहरुले विकास कार्यक्रमको वर्तमान अवस्थामा कुन हदसम्म जैविक विविधताको संरक्षण गर्न सकेको छ ?

- खासगरी गरिबहरुको लागि जीविकोपार्जनको सुरक्षा गर्न सामुदायिक वनको व्यवस्थापन पक्ष मात्र नभई बजारको पक्ष पनि आत्मसात गरिनु पर्छ । सामुदायिक वनमा जैविक विविधता सम्वन्धी मूल्यको सुरक्षा गर्ने कुरा कुन हदसम्म संभव छ ?

- उपभोक्ताहरुको वन पैदावार उपयोग गर्ने हालको तरिका अनुसार धेरै माग भएका निश्चित पैदावारहरु अधिक्तम रुपमा उत्पादन गर्नु पर्ने हुन्छ । तर वैज्ञानिक व्यवस्थापन गरेर एउटा जातिको विरुवा वढाउनुको अर्थ अरु जातका विरुवा वृद्धि हुने अवसरलाई घटाएर वनको संरचनामा हस्तक्षेप गर्नु हुन्छ । यस्तो कुरा पारिस्थिकीय दिगोपनाको सिद्धान्तको भन्दा विपरित हुन्छ । सामुदायिक वनका व्यवस्थापकहरुले यस्तो परिस्थितिसंग कसरी मिलेर काम गर्न सक्छन् ?

- हामीले तलका भध्ये कुन चाहिं तरिकालाई वढी दिगो हुन्छ भन्ने ठानेका छौं ? किन ?

    - o सामुदायिक वनको व्यवस्थापनलाई जीविका, जीविकोपार्जन तथा गरिबी निवारणमा केन्द्रित गरिनु पर्ने

    - o सामुदायिक वनको व्यवस्थापनलाई वजारको अवस्था अनुसार उत्पादन हुने कुरामा ध्यान दिइनु पर्ने

    - o माथिका दुइटै पक्षहरुलाई मिलाएर लैजाने (संमिश्रण)

vi. प्लेनरी (सामूहिक रुपमा ) मा छलफल भएका कुराहरु वा टिप्पणीहरु

- वन व्यवस्थापनमा दिगोपनाको सवाल सम्वन्धी कुरा गर्दा स्रोत व्यवस्थापनको उच्च प्रविधि (वैज्ञानिक र प्राविधिक) तथा पारम्परिक प्रणालीको तुलनात्मक अध्ययन गर्नु महत्वपूर्ण हुन्छ । केही उच्च प्रविधिहरु जैविक विविधताको संरक्षणमा सफल पाइएका छन् । तर ती प्रविधिहरु स्थानीय समुदायमा परिचित गराइएको खण्डमा यसवाट स्थानीय तहको खपत तथा पैदावारहरुको प्रयोगमा के-कस्तो अर्न्तक्रिया (असर) हुन्छ भन्ने कुरा चाहिं विचार गर्नुपर्ने सवाल हो ।
- सामुदायिक वन कार्यक्रम लागू गर्न वनको ठूलो हिस्सा (ब्लक) लाई धेरै वटा टुक्रा वनाएर विभिन्न समूहमा हस्तान्तरण गरिएको छ । यस्तो अभ्यास (चलन) ले जैविक विविधतामा महत्वपूर्ण प्रश्न उब्जाउँछ । सिंगो वनलाई यसरी टुक्रा गरी वांड्ने कामले समग्रमा जैविक विविधता माथि के-कसरी असर पार्छ ?

२.६. विषयगत (थिम अनुसारको ) प्रस्तुतिहरुको संस्लेषण :

डा. कंडेल तथा डा. गिलमोरले पाँचैवटा विषयगत (थिम अनुसारका) प्रस्तुतिहरुको संस्लेषण गर्नु भयो जसको मुख्य सार निम्न अनुसार छ :

विषयगत (थिम अनुसारको) प्रस्तुतिहरुले धेरै सवालहरु तथा चुनौतिहरु उठाएका छन् र यसको साथै अनुभवहरुवाट सिक्ने अवसर पनि प्राप्त भएको छ । केही साझा तथा समान देखिएका कुराहरु निम्न अनुसार छन् :

I पारिभाषिक शब्दावलीहरुमा अलमल वा द्विविधा : खासगरी सिकाइ अनुसार सुधार गर्दै लग्ने व्यवस्थापन (AM), सिकाइ अनुसार र सहकार्यवाट सुधार गर्दै लैजाने व्यवस्थापन (ACM), सामुदायिक वन (CF), दिगोपन (Sustainability) र सिकाइ अनुसार परिवर्तित गर्दै लग्ने तथा परिवर्तित परिस्थिति अनुसार आफूलाई ढाल्ने (Adaptive Versus Adoptation) जस्ता शव्दावलीहरुमा सहभागीहरुलाई अलमल वा द्विविधा भएको वुझियो । हामीसँग खास अर्थको लागि प्रयोग भइरहेको शव्द वा परिभाषा हुँदा हुँदै सोही अर्थको लागि किन अर्को शव्दावली चलाउने भन्ने जिज्ञासा रहेको पनि वुझियो । यसरी दुवै शव्दावली चलनमा ल्याएमा त्यस्ता शव्दावलीहरुको अर्थमा र अवधारणामा पनि फरक देखाउन सक्नु पर्ने कुरा पनि उठेको छ । कार्यशाला गोष्ठी चलिरहेका वेला हामीहरुले यस्ता कुराहरुमा स्पष्टता ल्याउने काम गर्नु पर्छ ।

माथि स्पष्ट पारिएकै कुरालाई यहाँ फेरि पनि संक्षिप्त रुपमा स्पष्ट पारिएको छ : सिकाइ अनुसार र सहकार्यवाट व्यवस्थापनमा सुधार गर्ने पद्धति (ACM) सामुदायिक वनका अभ्यासहरु लागू गर्ने एउटा तरिका हो तर यसले सामुदायिक वनलाई विस्थापित भने गर्दैन । सवै भन्दा महत्वपूर्ण कुरा कुनै एउटा खास शब्द वा परिभाषा होइन तर सिकाइ र सहकार्यवाट व्यवस्थापनमा सुधार गरिने अवधारणाको जरुरत चाहिं महत्वपूर्ण हो । अर्को शब्दमा भन्ने हो भने हामीले जे-जस्ता शब्द वा परिभाषा प्रयोग गरे तापनि र व्यवहारमा ल्याए पनि सामाजिक रुपमा भएका सिकाइहरु चाहिं लागू गरिनु पर्छ । वास्तवमा

सामुदायिक वन कुनै न कुनै तरिकाले केही हदसम्म सिक्ने र परिवर्तन गर्ने कुरामा सम्वन्धित छ तर यस प्रकृयामा सधैंभरि आदान-प्रदान गरिएको र सुस्पष्ट खालको सिकाइ भएको पाइँदैन । यसैगरी व्यवस्थापनका कियाकलापहरुलाई र नीतिहरुलाई जानी-जानी ACM को अववधारणाले खोजेकै जस्तो गरी वन तथा मानिसहरुको लागि सुदृढ नतिजाहरु ल्याउने हदसम्मको सिकाइका लागि सवै प्रयाश गरिएको पाइदैन ।

II <u>स्थलगत रुपमा भएका सफल कियाकलापहरु वृहत्तर रुपमा लागू गर्ने सम्वन्धका **(Cross – Scale)** सवालहरु :</u> स्थानीय तहमा सिकाइ अनुसार र सहकार्यवाट व्यवस्थापनमा सुधार गर्ने गरिएका उपभोक्ता वा स्थलगत तहका सवालहरु (वन उपभोक्ता समूहहरुको तहमा) तथा नयाँ किसिमका सफल परीक्षणहरु भएका कैयन उदाहरणहरु छन् । तर यस्ता सफल परीक्षणहरुलाई व्यापकता कसरी दिने र नीतिगत तहसंग कसरी जोड्ने भन्ने सवाल अति नै महत्वपूर्ण छन् ।

III सैद्धान्तिक पक्ष र व्यवहारिक अनुभव बीचको सन्तुलन तथा एकले अर्कोलाई पुऱ्याउने सहयोग- यी दुइ पक्षको बीचमा कसरी अन्तरकिया बढाउने र यसले सिकाइलाई कसरी वल पुऱ्याउँछ ?

IV यहाँ प्रस्तुत गरिएका पाँच वटा विषय वस्तु (थिम) हरु एक अर्कासंग सम्वन्धित छन् र यिनीहरुको बारेमा वेग्लावेग्लै व्याख्या गर्न सकिदैन । त्यसो हुँदा एउटा विषय वस्तु (थिम) को बारेमा व्याख्या गर्दा अर्को विषय वस्तु (थिम) स्ततः जोडिएर आउँछ ।

V विभिन्न तहका सरेकारवालहरुको बीचमा विविधता छ भन्ने कुराको मान्यता वढ्दै गएको छ । विभिन्न चाहना र आफ्ना चाहना पूरा गर्ने क्षमता पनि फरक-फरक भएका सरोकारवालाहरुको भनाइ तथा आवाजहरुको बीचमा सन्तुलन ल्याउनु पर्ने कुराहरु पनि महत्वपूर्ण हुन्छन् । विभिन्न सरोकारवालाहरु खास गरेर वनवाट टाढा हुनेहरुका मागहरुको बीचमा सन्तुलन ल्याउने क्षमता चुनौतिको रुपमा रहेको छ ।

VI न्यायोचितता सम्वन्धी सवालहरु सवै विषयवस्तु (थिम) मा आउँने हुंदा यी पाँचवटै विषय वस्तु (थिम) हरुको बीचमा सम्वन्ध रहेको हुन्छ । त्यस कारण शक्ति सम्वन्धमा असन्तुलन ल्याउने र न्यायोचितता नहुने विभिन्न तत्वहरुका बीचको अन्तरसम्वन्ध समग्ररुपमा विश्लेषण गर्नु आवश्यक छ । उदाहरणको लागि सुशासन सम्वन्धी सवालहरु, सुशाशन, ACM, सामाजिक विविधता, जीविकोपार्जन तथा दिगोपनलाई समग्रता भन्न सक्छौं । नियमहरु वनाउने कुरामा को सहभागी हुन्छ ? नियम कसले लागू गर्ने हो ? शक्ति कोसँग किन रहन्छ ? भन्ने जस्ता कुराहरु विश्लेषण गर्नु सधै नै महत्वपूर्ण हुन्छ ।

VII व्यापारीकरण, जीविकोपार्जन र जैविक विविधताको संरक्षण बीचको सम्वन्ध पनि उत्तिकै महत्वपूर्ण हुन्छ । त्यसैले यी तीनवटै विषय वस्तुको बीचमा सन्तुलन ल्याउने कुरा पनि चुनौतिपूर्ण नै छ ।

VIII स्थलगत तहमा सामुदायिक वनमा ACM पद्धतिले कसरी महत्व बढाउन (थप गर्न) सक्छ भन्ने कुरा बारे यस गोष्ठीका सहभागीहरु अझै स्पष्ट छैनन् । त्यसकारण यस वारे स्पष्टता

ल्याउनको लागि स-साना गोष्ठीबाट र संभव भए सम्म स्थलगत तवरवाट खोजी गरिनु पर्ने हुन्छ ।

## ५. सामुदायिक वन कार्यक्रममा विद्यमान प्रमुख चुनौतिहरुको पहिचान

विभिन्न व्यक्तिहरुले प्रस्तुत गरेका विषयगत (थिम अनुसारका) प्रस्तुति र स-साना गोष्ठीहरुमा आदान-प्रदान गरिएका अनुभवहरुको संस्लेषण गर्ने काम डा. केशव कंडेल तथा डा. डन गिलमोरले गर्नु भएको थियो । यसमा उहाँहरुले सामुदायिक वन कार्यक्रमका नीतिहरु तथा अभ्यासहरुमा विद्यमान प्रमुख चुनौतिहरुको बारेमा ध्यान केन्द्रित गर्नु भएको थियो । पहिचान गरिएका प्रमुख चुनौतिहरुलाई प्रत्येक विषय वस्तु (थिम) अनुसारले वर्गीकरण गरिएको छ जो निम्न अनुसार छन् :

### ५.१. सुशासनसंग सम्वन्धित चुनौतिहरु:

I. हाल अधिराज्यभर झण्डै ११,५०० वन उपभोक्ता समूहहरु गठन गरिएका छन् तर त्यस्ता समूहहरु कत्तिको प्रभावकारी छन् ?

- सरकारी कर्मचारीहरु (सवै तहका) सुशासन प्रतिको प्रतिवद्धता देखाउन अनिच्छुक जस्तो देखिन्छन्, यसमा कसरी सुधार गर्न सकिन्छ ?
- गैरसरकारी संस्थाहरु, समुदायमा आधारित संस्थाहरु एवं दातृसंस्थाको तर्फवाट गरिने प्रतिवद्धता पनि कमजोर देखिन्छ, यसमा कसरी सुधार गर्न सकिन्छ ?

II. सुशासन अन्तर्गत विभिन्न सरोकारवालाहरु (सरकारी, गैर सरकारी संस्था, नागरिक समाज तथा नीजी क्षेत्र) को बीचमा रहने सम्वन्ध पर्छ । सवै सरोकारवालाहरुलाई सामुदायिक वन कार्यक्रममा सुधार ल्याउने कुरामा अझ वढी उत्तरदायी वनाउन उक्त सुसम्वन्धलाई कसरी सुधार गरेर लैजान सकिन्छ ?

### ५.२. सिकाइ अनुसार र सहकार्यवाट व्यवस्थापनमा सुधार गरिने पद्धति **(ACM)** संग सम्वन्धित चुनौतिहरु:

I. कार्यान्वयनवाट प्राप्त सिकाइहरुलाई सुधारिएको कार्यान्वयन प्रक्रियामा समावेश गरेर तिनीहरुलाई (नीतिगत देखि कार्यान्वयन तहसम्म व्यापक रुपमा कसरी लागू गर्न सकिन्छ ? गुणस्तरयुक्त ACM पद्धति कार्यान्वयनमा धेरै खर्च लाग्छ ? यस्तो खर्च कसरी कम गर्न सकिन्छ ?

### ५.३. जीविकोपार्जनसंग सम्वन्धित चुनौतिहरु:

I. सामुदायिक वन सम्वन्धी ऐनमा सवभन्दा गरिब मानिसहरुलाई सहयोग पुग्ने स्पष्ट प्रावधान छैन । यो सवाललाई कसरी समाधान गर्ने ?

II. सामुदायिक वन कार्यक्रमले जीविकोपार्जनमा पुऱ्याएको योगदानको व्यवस्थित रुपमा विश्लेषण र यसको वकालत गरिएको छैन । यो काम कसरी गर्न सकिन्छ ?

III. सामुदायिक वन कार्यक्रमलाई स्थानीय सरकार (गा.वि.स., जि.वि.स.) सँग सम्वन्धित गर्न सकेको खण्डमा यो कार्यक्रम वृहत्तर रुपको सामुदायिक विकासको माध्यम वन्न सक्छ । यसको बारेमा विस्तृत तथा सुस्पष्ट सुझावहरु के-के हुन सक्छन् ?

## ५.४. लैंगिक समानता र सामाजिक न्यायसँग सम्वन्धित चुनौतिहरु

I. गरिब र अवसरहरुवाट वञ्चित व्यक्तिहरुले सामुदायिक वन कार्यक्रमवाट वनमाथि उनीहरु जति नै भर पर्नु नपर्ने धनी व्यक्तिहरु भन्दा कसरी वढी फाइँदा प्राप्त गर्न सक्छन् ?

II. स्थानीय समुदायका वढी प्रभावशाली र शक्ति सम्पन्न व्यक्तिहरुलाई न्यायोचितताको महत्वका कुराहर कसरी महसूस गराउने ? खासगरी स्थानीय तहमा यस सवालमा उनीहरुको प्रतिवद्धता कसरी प्राप्त गर्न सकिन्छ ?

III. गरिब तथा पिछडिएका मानिसहरुलाई सामुदायिक वन कार्यक्रम सम्वन्धी उनीहरुको अधिकारको बारेमा के-कसरी सचेत वनाउन सकिन्छ ?

IV. महिलाहरुको प्रतिनिधित्व नीति तथा कार्यान्वयन तहसम्म कसरी बढाउन सकिन्छ ? नीति निर्माताहरु र कार्यान्वयन तहका मानिसहरुलाई यो सवाल हामीले पहिचान गर्ने तथा यसलाई समाधान गर्ने काम गर्नु पर्छ भन्ने कुरा कसरी महशूस गराउन सकिन्छ ?

## ५.५. वनको दिगोपनसंग सम्वन्धित चुनौतिहरु:

I. सामुदायिक वनमा वढ्दो व्यापारीकरणको अवस्थामा वनको दिगोपना कसरी सुनिश्चित गर्न सकिन्छ ?

II. सम्वन्धित सवै सरोकारवालहरु (खासगरी स्थलगत तहमा) वनको दिगोपनाको महत्वको बारेमा कसरी सचेतता ल्याउने ?

III. संरक्षणको आवश्यकता (जैविक विविधता र वातावरणीय) र स्थानीय उपयोग सम्वन्धी आवश्यकताको बीचमा सुस्पष्ट सन्तुलन ल्याउन के गर्न सकिन्छ ?

## ५.६. प्लेनरीवाट सामूहिक रुपमा आएका टिप्पणीहरु :

- केही सहभागीहरुले वर्तमान नीतिमा लैंगिक सन्तुलन र सामाजिक न्यायोचितता प्रतिको संवेदनशीलताको बारेमा प्रश्न उठाए । वर्तमान वन ऐन र निर्देशिका न्यायोचितता प्रति त्यति धेरै संवेदनशील छैनन् । वन उपभोक्ता समूहको कोषको निश्चित प्रतिशत रकमवाट

गरिब तथा महिलाहरुको फाइदाको लागि अनिवार्य खर्च गर्नु पर्ने कानूनी प्रावधान भयो भने उनीहरुको अवस्थामा धेरै छिटो सुधार आउन सक्छ ।

- अनुसन्धान, प्रचार-प्रसार तथा नीतिहरुको बीचमा सन्तुलन ल्याउनु पर्ने भन्ने बारेमा पनि चासो देखाइयो । यी कुराहरुमा सन्तुलन ल्याउनु पर्ने पनि चुनौति कै रुपमा रहेको छ ।

## ६. रणनीतिगत सवालहरु तथा व्यावहारिक सुझावहरु:

दोस्रो दिनको मध्यान्ह सत्र रणनीतिगत नीतिहरु र अघिल्ला सत्रहरुमा पहिचान गरिएका चुनौतिहरुको समाधान गर्न सुझाव तथा सिफारिसहरुको बारेमा हुने छलफलबाट शुरु गरियो । सहभागीहरुलाई उनीहरुकै चाहना अनुसारका ३ वटा समूहमा विभाजित गरियो । ती समूहमा, वन उपभोक्ता समूहको ( समुदाय) तह, कार्यान्वयन (जिल्ला) तह तथा नीतिगत (राष्ट्रिय) तह थिए ।

प्रत्येक समूहलाई देहायको काम दिइएको थियो :

- प्रत्येक विषय वस्तु (थिम) सम्वन्धमा छलफल भइ अघिल्ला सत्रहरुमा पहिचान गरिएका प्रत्येक विषय वस्तु (थिम) संग सम्वन्धित चुनौतिहरुलाई गहिरिएर वुझ्ने

- त्यस्ता चुनौतिहरुलाई प्राथमिकता अनुसार राख्ने

- रणनीतिगत नीतिहरु, कार्यक्रमहरु तथा व्यवहारिक रुपमा त्यस्ता चुनौतिहरु समाधान गर्ने मुख्य उत्तरदायी संस्था पहिचान गर्ने

प्रत्येक समूहले १.५ घण्टा काम गरेर आफूहरुले गरेको छलफलबाट प्राप्त नतिजाको बारेमा प्लेनरीमा प्रस्तुति गऱ्यो । साना समूह छलफलवाट प्राप्त परिमाण निम्न अनुसार छन् :

## ६.१. सुशासन

### ६.१.१. वन उपभोक्ताहरुलाई कसरी अनुगमन गर्ने र कसरी अझ वढी प्रभावकारी वनाउने ?

| क.सं. | के गर्न सकिन्छ ? | कसरी गर्ने ? | कसले पहल गर्ने ? |
|---|---|---|---|
| | वन उपभोक्ता समूह (स्थलगत) तहको समूहवाट आएको प्रस्तुति | | |
| १. | सामुदायिक वन कार्यक्रमको बारेमा सही समझदारी विकसित गर्ने | उपभोक्ताहरुलाई कार्यक्रम निर्देशिकाको वितरण गरेर | डि एफ ओ, फेकोफन र गैरसरकारी संस्थाहरु |
| २. | विधानहरु सम्वन्धी वुझाइमा सुधार ल्याउने | निर्देशिका सम्वन्धी परिचयात्मक कार्यक्रम गरेर | सहजीकरण गर्ने सबै संस्थाहरु |
| ३. | फरक-फरक चासो तथा चाहना हुने समूहको प्रतिनिधित्व वढाउने | टोल वैठकका छलफलहरुलाई अन्तरक्रियात्मक वनाएर | सहजीकरण गर्ने सबै संस्थाहरु |
| ४. | ठूला वडाहरुको दवावलाई दुरुत्साहित गर्ने | संवेदनशीलता जगाउन कार्यशाला गोष्ठी गरेर | सहजीकरण गर्ने सबै संस्थाहरु |
| ५. | तल्लो तहमा पारदर्शिता तथा जवाफदेहीपना विकसित गर्ने | कार्यशाला गोष्ठीहरु तथा वैठकहरु मार्फत | सहजीकरण गर्ने सबै संस्थाहरु |
| | जिल्ला (कार्यन्वयन) तहको समूहवाट भएको प्रस्तुति | | |
| ६. | सूचकहरुलाई परिभाषित गर्ने | जिल्ला तहका कार्यशाला गोष्ठी/वैठकहरु/राष्ट्रिय कार्यशाला गोष्ठी गरेर | सामुदायिक वन उपभोक्ता समूहहरु तथा अन्य सम्वन्धित सरोकारवालाहरु |
| ७. | सामुदायिक वन उपभोक्ता समूहहरुलाई वर्गीकरण गर्ने | स्व-अनुगमन सामाजिक वन उपभोक्ता समूहको अभिलेख, अनुगमनवाट प्राप्त तथ्याङ्क, स्थलगत भ्रमण तथा उपभोक्ताहरुवाट पाइने जवाफबाट | सामुदायिक जि.व.का., वन उपभोक्ता समूहलाई, गैरसरकारी संस्था,तथा फेकोफनले सहजीकरण गर्ने |
| ८. | कम प्रभावकारी वन उपभोक्ता समूहमा सुधार ल्याउने | सफल वन उपभोक्ताको समूहवाट सिकाइ गर्ने उपयुक्त वातावरण वनाएर, कमजोर पक्षमा सुधारको लागि सही किसिमको योजना वनाएर | सामुदायिक वन उपभोक्ता समूहसँग काम गर्ने गैरसरकारी संस्था तथा फेकोफनले सहजीकरण गर्ने |
| | राष्ट्रिय (नीतिगत) तहको समूहले गरेको प्रस्तुति | | |
| ९. | सामुदायिक वनको प्रभावकारिता वारे अध्ययन गरिनु पर्ने | स्व-मूल्याङ्कन, अनुगमनको ढाँचा, जन लेखा परीक्षण (public audit) | • सवैले |
| १० | व्यवहारिक अनुगमन तथा मूल्याङ्कन प्रणाली | सवै भन्दा उत्तम अभ्यासहरुको | • वन तथा भू-संरक्षण |

| | | | |
|---|---|---|---|
| . | विकसित गरिनु पर्ने | संस्लेषण गर्ने तथा नयाँ प्रयोगहरुलाई मान्यता दिने | मन्त्रालय र वन उपभोक्ता समूहहरु |
| ११. | सामुदायिक वनको लेखा परीक्षणको ढाँचा विकसित गर्ने र त्यसलाई व्यवहारमा ल्याउने | लेखा परीक्षणको ढाँचामा सवै सवालहरु समेटिनु पर्ने | • वन तथा भू-संरक्षण मन्त्रालय र वन उपभोक्ता समूहहरु |

६.१.२ सामुदायिक वन कार्यक्रममा संलग्न सवै सरोकारवालाहरुका बीचको सम्वन्धमा कसरी सुधार ल्याउने ?

| क.सं. | के गर्न सकिन्छ ? | कसरी गर्ने ? | कसले पहल गर्ने ? |
|---|---|---|---|
| वन उपभोक्ता समूह (समुदाय) तहको समूहले गरेको प्रस्तुति | | | |
| १. | विभिन्न सरोकारवालाहरु बीचको असन्तुलित शक्तिसम्वन्धमा सन्तुलन ल्याउनु आवश्यक छ | सरोकारवालाहरुको विश्लेषण, नियमित अर्न्तक्रिया, स्पष्ट भूमिका तथा उत्तरदायित्व ( परिभाषित र अनुभवको आदान-प्रदान गरिने किसिमको ) | सम्पूर्ण गैरसरकारी संस्थाहरु, जि.व.का.हरु सा.वन उपभोक्ता समूहहरु एवं अन्य संस्थाहरु |
| जिल्ला (कार्यान्वयन) तहको समूहले गरेको प्रस्तुति | | | |
| २. | प्रभावकारी संचार प्रणाली | एक अर्काको विचार सुन्ने र एक अर्काको दृष्टिकोणको कदर गर्ने, वहन गरिने भूमिका तथा उत्तरदायित्वको समीक्षा गर्ने | सामुदायिक वन उपभोक्ता समूह तथा जिल्ला वन कार्यालय |
| ३ | हाकिमी प्रवृत्तिको परंपरागत कार्यशैलीलाई कम गर्ने | साझा उपलब्धी हासिल गर्न उत्तरदायित्वहरुलाई पुन परिभाषित गर्ने<br>सकारात्मक वातावरण तयार गर्ने | स्थानीय सरकार, राजनीतिक व्यक्तिहरु गैर सरकारी संस्था तथा अन्य व्यक्तिहरु |
| राष्ट्रिय (नीतिगत) तहको समूहवाट गरेको प्रस्तुति | | | |
| ४ | सामुदायिक वनका सरोकारवालाहरुको बीचमा सम्वन्ध स्थापित गर्ने तथा यसमा सुधार ल्याउने | सामुदायिक वन सम्वन्धी राष्ट्रिय गोष्ठीको आयोजना गर्ने | राष्ट्रिय तहको वन क्षेत्र समन्वय समिति |
| ५ | सुशासनको परिभाषा र यसका सूचकहरु | विज्ञ सहजकर्ताको नियुक्ति तथा परामर्श वैठक | वन विभाग, द्विपक्षीय परियोजनाहरु, गैरसरकारी संस्थाहरु, अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरु, गा. वि. स. हरु, एवं सम्पूर्ण सरोकारवालाहरु |
| ६ | सम्वन्धित सम्पूर्ण तहका सरोकारवालाहरुलाई समावेश गरेर | नियमित वैठकहरु | वन विभाग |

| | | | |
|---|---|---|---|
| | एउटा राष्ट्रिय मञ्च तयार गर्ने | | |
| ७ | सरोकारवालाहरु सरकारी, गैरसरकारी समुदायमा आधारित संस्थाहरु तथा स्थानीय सरकारको बीचमा राम्रो समन्वय स्थापित गर्ने | सवै तहमा प्रवृत्तिगत परिवर्तन गर्ने | सबै |

### ६.१.३ सुशासनका लागि सरकार तथा दातृ संस्थाहरुको प्रतिवद्धतामा सुधार कसरी ल्याउने ?

| क.सं. | के गर्न सकिन्छ ? | कसरी गर्ने ? | कसले पहल गर्ने ? |
|---|---|---|---|
| राष्ट्रिय (नीतिगत) तहले गरेको प्रस्तुति | | | |
| १. | शक्ति, अधिकार तथा उत्तरदायित्वको विकेन्द्रीकरण | सवै ऐनहरु प्रतिनिधि सभावाट आउनु पर्छ, आन्तरिक परिपत्रहरु हुनुहुँदैन | – वन मन्त्रालय, स्थानीय मन्त्रालयले शक्तिको विकेन्द्रीकरण गर्ने<br>– सवै सरोकारवालाहरुले प्राप्त गरेका पृष्ठपोषणको बारेमा गम्भीर हुने |
| २. | वन ऐन तथा स्थानीय प्रशासन ऐनमा वाझिएका कुराहरुको बारेमा पुनरावलोकन गरी सुधार गर्ने | कार्यान्वयन प्रक्रियाका सवै तहमा सन्तुलन ल्याउने | |
| ३. | सवै सरोकारवालाहरुले दिएका पृष्ठपोषणहरुलाई मान्यता दिने | सवै तहमा नियमित वैठक तथा आदान-प्रदान | |

## ६.२ सिकाइ अनुसार र सहकार्यवाट व्यवस्थापनमा सुधार गर्दै जाने

### ६.२.१ सिकाइहरु कसरी हासिल गर्ने र कार्यान्वयन प्रक्रियामा ती सिकाइहरुलाई कसरी समाहित गर्दै जाने ?

| क.सं. | के गर्न सकिन्छ ? | कसरी गर्ने ? | कसले पहल गर्ने ? |
|---|---|---|---|
| वन उपभोक्ता समूह (स्थानीय) तहका समूहले गरेको प्रस्तुति | | | |
| १. | ACM अनुसन्धान क्षेत्रका सिकाइहरु आदान-प्रदान गर्ने | स्थानीय तहका मञ्चहरुलाई प्रयोग गर्ने वा त्यस्ता मञ्चहरु विकसित गर्ने | ACM टोली, वन उपभोक्ता समूह, फेकोफन, अरु परियोजना तथा रेञ्जपोष्ट र जिल्ला वन कार्यालय |
| २. | कार्यक्रम विस्तार गर्ने | तालिम निर्देशिका तयार गर्ने र स्थानीय स्रोत व्यक्तिहरु तयार गर्ने, अध्ययन भ्रमणको आयोजना गर्ने | ACM टोली, वनसँग सम्वन्धित परियोजनाहरु, फेकोफन र जि.व.का. |
| जिल्ला (कार्यान्वयन) तहको समूहले गरेको प्रस्तुति | | | |
| ३. | वढी भन्दा वढी सिकाइ हासिल गर्न परीक्षण कार्यक्रमको संख्यामा वृद्धि | अनुसन्धानका पहलहरु गर्ने | अनुसन्धानसंग सम्वन्धित संस्था र मन्त्रालय |
| ४. | सिकाइहरुलाई प्रोत्साहनमा बदल्ने | अवसरहरुको प्रवद्धन गर्ने | जि.व.का.हरु तथा फेकोफन |
| ५. | लचकता | सिकाइ अनुसार सुधार गर्दै लैजाने नीतिहरु हुनु पर्ने | जि.व.का., सा.व.उ.स मन्त्रालय |

| | | | |
|---|---|---|---|
| ६. | स्व-अनुगमनको पद्धतिहरु विकसित गर्ने | निरन्तर चलिरहने प्रक्रियाहरुवाट सिकाइ हासिल गर्दै लैजाने | सेवा प्रदान गर्ने संस्थाहरु र वन उपभोक्ता समूहहरु |
| ७. | आम सञ्चारका माध्यमको प्रयोग गरेर सिकाइवाट प्राप्त नतिजाहरु प्रसारण गर्ने | स्थानीय तह तथा जिल्ला तहमा कार्यशाला गोष्ठीहरु सञ्चालन गर्ने | जि.व.का. तथा गैर सरकारी संस्थाहरु |
| राष्ट्रिय (नीतिगत) तहको समूहले गरेको प्रस्तुति | | | |
| ८. | सामुदायिक वनमा हाल विद्यमान सिकाइ अनुसार सुधार गर्दै लैजाने खालका अभ्यासहरुलाई अभिलेख गर्ने तथा त्यस्ता अभ्यासहरुको प्रचार गर्ने | - | वन तथा भू-संरक्षण मन्त्रालय |
| ९. | सवै तहमा संयुक्त रुपमा सहकार्यात्मक हिसावले गरिने अनुगमन संयन्त्र (मेकानिजम) विकसित गर्ने र यसलाई सिकाइ तथा सुधार गर्ने काममा प्रयोग गर्ने | - | सवै सरोकारवालाहरु |
| १०. | सवै सरोकारवालाहरुले 'सिक्ने' र सिकेका कुराहरुलाई वास्तविक रुपमा नै व्यवहारमा लागू गर्ने संस्कार विकसित गर्ने | - | वन तथा भू-संरक्षण मन्त्रालय |
| ११. | सवै प्रकारका वन कार्यक्रममा ACM पद्धति शुरु गर्ने | - | सवै सरोकारवालाहरु |
| १२. | सचेतता तथा शशक्तिकरण कार्यक्रममा ACM पद्धतिको प्रयोग गर्ने | - | सवै सरोकारवालाहरु |

६.२.२ <u>सरोकारवालाहरुको बीचमा भएको शक्ति सम्वन्धको असमानतालाई कसरी सन्तुलित गर्ने ?</u>

(यो चुनौतिको बारेमा राष्ट्रिय (नीतिगत) तहको समूहले मात्र छलफल गरेको थियो)

| क.सं. | के गर्न सकिन्छ ? | कसरी गर्ने ? |
|---|---|---|
| १. | तालिम तथा कार्यशाला गोष्ठीहरु मार्फत एक अर्काको भूमिका, उत्तरदायित्व, अधिकारहरु आदिको बारेमा कुरा वुझेर (महशूस गरेर) शक्ति सम्वन्धमा सुधार गर्ने | • वन विभाग र क्षेत्रीय तालिम केन्द्रहरु<br>• वन मन्त्रालय |
| २. | संयुक्त रुपमा निर्णय गर्ने संयन्त्र (मेकानिजम) को विकास गर्ने | |
| ३. | हचुवा आधारमा गरिएका तोक आदेशहरु वारे परिपत्र गर्न रोक लगाउने | |

६.२.३. **ACM** <u>मा लाग्ने वढी खर्चलाई कसरी कम गर्न सकिन्छ ?</u>

राष्ट्रिय (नीतिगत) तहको समूहले मात्र यस चुनौतिको बारेमा छलफल गरेको थियो ।

| क.सं. | के गर्न सकिन्छ ? | कसरी गर्ने ? |
|---|---|---|
| १. | ACM मा लाग्ने वढी खर्च घटाउने काममा सरकारले सहजकर्ताको भूमिका निर्वाह गर्ने र गैर सरकारी संस्था, समुदायमा आधारित संस्था, नागरिक समाज आदिलाई काम गर्न सक्षम वन्ने वातावरण सृजना गर्ने | • वन तथा भू-संरक्षण मन्त्रालयले समन्वय गर्ने र अन्य सरोकारवालाहरुले यसमा काम गर्ने |
| २. | सरोकारवालाहरुको बीचमा समन्वय हुने काममा सुधार ल्याएर दोहोरोपन हुनवाट जोगाउने | • सवै सरोकारवालाहरु |

## ६.३ जीविकोपार्जन

### ६.३.१ वन ऐनमा गरिब भन्दा गरिब मानिसहरुलार्य सहयोग पुग्ने कुराहरुमा स्पष्टता छैन : यस बारेमा के गर्न सकिन्छ ?

| क.सं. | के गर्न सकिन्छ ? | कसरी गर्ने ? | कसले पहल गर्ने ? |
|---|---|---|---|

| वन उपभोक्ता समूह (स्थानीय )तहको समूहले गरेको प्रस्तुति | | |
|---|---|---|
| १. ग्रामीण समुदायका गरिबहरुको लागि कवुलियती वनलाई सामुदायिक वन जत्तिकै महत्व दिइनु पर्छ | - | • वन तथा भू-संरक्षण मन्त्रालयको नेतृत्वमा फेकोफन, सामुदायिक वन उपभोक्ता समूहहरु, गैर सरकारी संस्थाहरु, समुदायमा आधारित संस्थाहरु, अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरुसँग परामर्श गर्ने |
| २. गरिब तथा पिछडिएका समुदायलाई सामुदायिक वनको जमिन कवुलियतमा दिने | - | • वन तथा भू-संरक्षण मन्त्रालयले नेतृत्व गरेर फेकोफन, सामुदायिक वन उपभोक्ता समूहहरु, गैर सरकारी संस्थाहरु, समुदायमा आधारित संस्थाहरु, अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरुसँग परामर्श गर्ने |
| ३. सामुदायिक वन उपभोक्ता समूहको कोषको २५ प्रतिशत सम्म रकम गरिबहरुको जीविकोपार्जनको विकल्पमा खर्च गर्ने कुरालाई अनिवार्य वनाउनु पर्छ | - | • वन तथा भू-संरक्षण मन्त्रालयले नेतृत्व गरेर फेकोफन, सामुदायिक वन उपभोक्ता समूहहरु, गैर सरकारी संस्थाहरु, समुदायमा आधारित संस्थाहरु, अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरुसँग परामर्श गर्ने |

| | | |
|---|---|---|
| ४. वन कार्यालयमा अनुगमनको सुदृढ प्रणाली विकसित गरिनु पर्ने | - | ● वन तथा भू-संरक्षण मन्त्रालयले नेतृत्व गरेर फेकोफन, सामुदायिक वन उपभोक्ता समूहहरु, गैर सरकारी संस्थाहरु, समुदायमा आधारित संस्थाहरु, अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरुसँग परामर्श गर्ने |
| जिल्ला (कार्यान्वयन) तह समूहले गरेको प्रस्तुति | | |
| ५. वन उपभोक्ता समूहको कोषको ३० प्रतिशत रकम समुदायका सवै भन्दा गरिब सदस्यको लागि खर्च गरिनु पर्छ भन्ने कुरा ऐनमा प्रावधान राखेर अनिवार्य वनाउनु पर्छ | वन ऐन संशोधन गरी समूहको विधान तथा वन कार्ययोजनामा सो प्रावधान समावेश गर्ने | वन विभाग/वन तथा भू-संरक्षण मन्त्रालय जि.व.का., वन उपभोक्ता समूह (कार्यक्रम तह) नेटवर्क, गैर सरकारी संस्था, अन्तर्राष्ट्रिय गैर सरकारी संस्था |
| राष्ट्रिय (नीतिगत) तहको समूहले गरेको प्रस्तुति | | |
| ६. जीविकोपार्जनको पद्धतिलाई हातमुख जोड्ने कुरामा मात्र नराखेर समुदायका सदस्यहरुको अधिकार प्राप्तिको सवाल समेत समेट्ने वनाउनु पर्छ | – जीविकोपार्जनको पद्धतिको बारेमा स्पष्ट बुझाई विकसित गर्न अनुसन्धान प्रवर्धन गर्ने/जीविकोपार्जनको सुधारका सूचकहरु निश्चित गर्ने<br>– नागरिकहरुको दृष्टिकोणवाट सवालहरुको बारेमा विश्लेषण गर्न अनुसन्धान गर्ने तथा वकालत (advocacy) गर्ने संस्थाहरुलाई वढावा दिने | सवै सरोकारवालाहरु |
| ७. नीतिगत संशोधन | – वर्तमान वन ऐन तथा नीतिहरुमा संशोधन गरेर जीविकोपार्जनसँग सम्वन्धित सवालहरु नीतिगत तहदेखि नै समाधान गर्ने कुरालाई सुनिश्चित गर्ने<br>– सामुदायिक वन उपभोक्ता समूहका वन कार्ययोजनाहरुमा संशोधन र जीविकोपार्जनको सवाललाई मान्यता दिएर त्यसको समाधानको कुरा सुनिश्चित गर्ने | वन तथा भू-संरक्षण मन्त्रालय, स्थानीय तहका अन्य सरोकारवालाहरु |

### ६.३.२ सामुदायिक वनवाट हासिल गरेका सिकाइहरुले जीविकोपार्जनमा के-कस्तो योगदान पुऱ्याउँछन् भन्ने कुराको विश्लेषण कसरी गर्न सकिन्छ ?

जिल्ला (कार्यान्वयन) तह एवं राष्ट्रिय (नीतिगत) तहका समूहहरुले मात्र यस चुनौतिको बारेमा छलफल गरेका थिए ।

| के गर्न सकिन्छ ? | कसले पहल गर्ने ? |
|---|---|
| जिल्ला (कार्यान्वयन तह) को समूहले गरेको प्रस्तुति | |
| १. अनुगमनवाट प्राप्त जानकारीहरुको अभिलेख राखेर सरोकारवालाहरु बीचमा आदान-प्रदान गर्ने | जि.व.का./परियोजना, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था जिल्ला तहको नेटवर्क गा.वि.स.,जि.वि.स. |
| राष्ट्रिय (नीतिगत) तहको समूहले गरेको प्रस्तुति | |
| २. सामुदायिक वनले मानसिहरुको जीविकोपार्जनमा प्रभाव पारेको छ कि छैन ? छ भने कसरी छ र छैन भने पनि कसरी छैन भन्ने कुरावारे अध्ययन हुनु पर्छ<br>३. वन उपभोक्ता समूहका वन कार्ययोजनाहरुमा उपभोक्ताहरुका जीविकोपार्जन सम्वन्धी सवालहरु पर्याप्त रुपमा समेटिएका छन् कि छैनन् भन्ने कुरा सुनिश्चित गर्नु पर्छ<br>४. गरिब जनताको जीविकोपार्जनमा सकारात्मक प्रभाव पार्नका लागि कवुलियती वन कार्यक्रम तथा आय-आर्जन सम्वन्धी क्रियाकलापहरु सामुदायिक वन कार्यक्रम भित्र एकीकृत गरिनु पर्छ | सवै सरोकारवालाहरु |

### ६.३.३ सामुदायिक वन कार्यक्रमलाई सामुदायिक विकाससँग जोड्ने विषयकसँग सम्वन्धित सुझावहरु

जिल्लास्तरमा संलग्न समुहले मात्र यस विषयमा छलफल गरेको थियो ।

| के गर्न सकिन्छ ? | कसरी गर्ने ? | कसले पहल गर्ने ? |
|---|---|---|
| १. उपभोक्ता समूहको योजनालाई गा.वि.सको योजनासँग जोड्ने<br>२. जि.वि.सको योजनलाई राष्ट्रिय योजनासँग संयोजन गर्ने | – वन उपभोक्ता समूहको योजना तर्जुमा<br>– गा.वि.स.को योजना तर्जुमा<br>– जि.वि.स.को योजना तर्जुमा<br>– राष्ट्रिय योजना तर्जुमा | – वन उपभोक्ता समूह<br>– गा.वि.स./जि.वि.स.<br>– श्री ५ को सरकार<br>– सहजकर्ताहरु -<br>– जि.व.का., गैरसरकारी संस्थाहरु, अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरु, जिल्ला स्थित नेटवर्कहरु |

## ६.४ लैंगिक सन्तुलन तथा सामाजिक न्यायोचितता

### ६.४.१ सामुदायिक वनबाट पिछडिएका वर्गहरुले कसरी वढी फाइदा प्राप्त गर्न सक्छन् ?

| के गर्न सकिन्छ ? | कसले पहल गर्ने ? |
|---|---|
| वन उपभोक्ता समूह (समुदाय) स्तरको समूह | |
| १. अनौपचारिक शिक्षा मार्फत चेतना वढाउने | सामुदायिक वन उपभोक्ता समूह |
| २. वार्षिक योजना तथा वन कार्ययोजनामा गरिब तथा पिछडिएका वर्गको लागि विषेश प्रावधान राख्ने | सामुदायिक वन उपभोक्ता समूह |
| ३. गरिब, पिछडिएका वर्ग तथा महिलाहरुको सशक्तिकरणको लागि विषेश कार्यक्रम संचालन गर्ने | सामुदायिक वन उपभोक्ता समूहका सहजकर्ताहरु, सहजिकरण गर्ने संस्थाहरु |
| ४. महिलाहरुको आम्दानी वढाउन तथा जिविकोपार्जनमा सुधार ल्याउन सामुदायिक वनलाई साधनको रुपमा उपयोग गर्ने | सामुदायिक वन उपभोक्ता समूह |
| ५. प्रमुख पदहरुमा महिला, गरिब तथा पिछडिएका वर्गलाई प्रतिनिधित्व गराउने | सामुदायिक वन उपभोक्ता समूह |
| ६. गरिब, तथा पिछडिएका वर्गका महिलाहरुको लागि वनको केही अंश छुट्याई दिने | समुदायिक वन उपभोक्ता समूह |
| ७. जेण्डर तथा विकाश कार्यक्रम लागू गर्ने | सामुदायिक वन उपभोक्ता समूह |
| ८. सञ्चार प्रणालीलाई प्रभावकारी वनाउने | सामुदायिक वन उपभोक्ता समूह |
| ९. गरिब तथा पिछडिएका वर्गका व्यक्ति वा समुदायलाई सशक्तिकरणको कानूनी प्रावधान | जि.व.का.का. कर्मचारी गैर सरकारी संस्थाहरु, परियोजनाहरु |
| १०. सवै तहमा सचेतिकरण | जि.व.का.का. कर्मचारी गैर सरकारी संस्थाहरु, परियोजनाहरु |
| जिल्ला (कार्यान्वयन) तहको समूह | |
| ११. गरिब तथा पिछडिएका वर्गहरुलाई वढी स्रोत उपलब्ध गराउने | नीति र कानूनमा प्रावधान राखेर |
| १२. कानूनी प्रावधानमा संशोधन गर्ने (उदाहरणको लागि समुदायिक वनबाट कवूलियती वन छुट्याउन मिल्ने) | नीति र कानूनमा प्रावधान राखेर |
| १३. व्यवसायिक समूहलाई वनको उपयोगको प्राथमिकता दिने, समूहको आम्दानीको कम्तिमा २५ प्रतिशत गरिबहरुको विकासको लागि छुट्याउने | नीति र कानूनमा प्रावधान राखेर |
| राष्ट्रिय (नीतिगत) समूह | |
| १४. लैंगिक समानता तथा न्यायोचिततालाई मध्यनजर राखी नीति तथा निर्देशिकामा संशोधन | जि.व.का, प्रचार-प्रसार कार्यकर्ता र सवै सरोकारवालाहरुको सहयोगमा वन उपभोक्ता समूह |

| | |
|---|---|
| गर्ने | |
| १६. सामुदायिक वन उपभोक्ता समूहलाई विभिन्न चाहना राख्ने समूहमा वर्गिकरण गर्ने (छुट्याउने) | सवै (वन उपभोक्ता समूह, जि.व.का., वन विभाग तथा वन मन्त्रालय) |
| राष्ट्रिय (नीतिगत) तहको समूह | |
| १७. कवूलियती वन, साक्षरता तथा आय-आर्जन कार्यक्रमहरुलाई सामुदायिक वन कार्यक्रमसँग एकिकृत गर्ने र यस्ता कार्यक्रममा गरिब तथा महिलाहरुको शीप अभिवृद्धि एवं उनीहरुलाई ऋण दिने व्यवस्था सुनिश्चित गर्ने | सवै (वन उपभोक्ता समूह, जि.व.का, वन विभाग र वन मन्त्रालय) |
| १८. सामुदायिक वनबाट वन पैदावार वितरण गर्दा आवश्यकता अनुसार गर्ने किसिमको स्पष्ट कानून बनाउने र यसको लागि उपयुक्त प्रणाली पनि विकसित गर्ने | सवै (वन उपभोक्ता समूह, जि.व.का., वन विभाग र वन मन्त्रालय) |

६.४.२. <u>वन उपभोक्ता समूह, जिल्ला र राष्ट्रिय तहमा महिलाहरुको प्रतिनिधित्व कसरी बढाउने ?</u>

| के गर्न सकिन्छ ? | कसले पहल गर्ने ? |
|---|---|
| १. विभिन्न तहमा गोष्ठी, तालिम, सेमिनार तथा छलफलहरुको आयोजना गरी लैंगिक समानता तथा न्यायोचितताका विषयमा वकालत गर्ने | सवै सरोकारवालाहरु |

६.४.३. <u>लाभांशको न्यायोचित वितरणको महत्वको बारेमा ठूलावडाहरुको प्रतिवद्धता कसरी लिने र उनीहरुलाई सो बारेमा कसरी महशूस गराउने ?</u>

यस विषयमा जिल्ला तहको समूहले मात्र छलफल गरेको थियो ।

| के गर्न सकिन्छ ? | कसले पहल गर्ने ? |
|---|---|
| १. गरिब तथा पिछडिएका समुदायलाई शशक्तिकरण गर्ने कानूनी प्रावधान समावेश गर्ने<br>२. यसबारेमा सवै तहमा सचेत वनाउने | जिल्ला वन कर्मचारीहरु, गैर सरकारी संस्थाहरु, परियोजनाहरु |

६.४.४. गरिब तथा पिछडिएकावर्गका मानिसहरुले आफ्नो अधिकार वुझ्ने र प्रयोग गर्ने कुरामा उनीहरुको चेतना कसरी वढाउने ?

यस सम्वन्धमा राष्ट्रिय स्तरको समूहले मात्र छलफल गरेको थियो ।

| के गर्न सकिन्छ ? | कसले पहल गर्ने ? |
|---|---|
| १. नागरिक समाज (गैर सरकारी संस्था, समुदायमा आधारित संस्था) लाई समावेश गरी वन उपभोक्ता समूहहरुको अधिकार सुनिश्चित गर्ने<br>२. लैङ्गिक समानता तथा न्यायोचितता सम्वन्धी सवालमा काम गर्ने नागरिक समाज तथा संस्थाहरुलाई भौतिक प्रोत्साहन प्रदान गर्ने<br>३. गरिब तथा महिलाहरुको चेतना वढाउने कानूनी साक्षरता कार्यक्रममा लगानी गर्ने र यस्ता कार्यक्रमको प्रभावकारिता वढाउनको लागि नागरिक समाजलाई सहभागी गराउने<br>४. सवै तहमा लैंगिक समानता तथा न्यायोचितताको अवधारणा वुझाउने एवं यसलाई ग्रहण गर्ने/गराउने<br>५. वन उपभोक्ता समूह तथा समितिमा गरिब तथा महिलाहरुको प्रतिनिधित्व बढाउने<br>६. गरिबहरु प्रति लक्षित कार्यक्रमहरुको प्रवर्धन गर्ने | वन विभागले उल्लेखित कार्य अनिवार्य रुपमा गर्नु पर्ने वनाउने<br>अन्य सवै सरोकारवालहरुले व्यवहारमा उतार्ने |

६.५. वनको दिगो व्यवस्थापन

६.५.१. व्यापारिककरणलाई पनि वढावा दिदै वनको दिगोपनलाई कसरी सुनिश्चित गर्ने ?

| के गर्न सकिन्छ ? | कसरी गर्ने ? | कसले पहल गर्ने ? |
|---|---|---|
| स्रोत व्यवस्थापन गर्ने | – प्रजातिको तहमा<br>– पारिस्थिकीय प्रणाली तहमा<br>– उत्पादन तहमा | वन उपभोक्ता समूह, सरकारी तथा गैर सरकारी संस्थाहरु |
| आवश्यकताको लेखा-जोखा गर्ने | – उपभोगको लागि पर्ने आवश्यकता<br>– वजारको आवश्यकता<br>– संरक्षणसँग सम्वन्धित आवश्यकता | वन उपभोक्ता समूह, सरकारी तथा गैर सरकारी संस्थाहरु |
| प्राथमिकिकरण गर्ने | – भौतिक प्राथमिकता<br>– संरक्षण सम्वन्धि प्राथमिकता | वन उपभोक्ता समूह, सरकारी तथा गैर सरकारी संस्थाहरु |

| | | |
|---|---|---|
| उत्पादकत्व वढाउने | – वनको वैज्ञनिक व्यवस्थापन (Silviculture) वाट<br>– व्यवस्थापनका विभिन्न प्रणालीहरु लागू गरेर | वन उपभोक्ता समूह, रेञ्ज पोष्ट |
| जिल्ला (कार्यान्वयन) तहको समूह | | |
| वन उपभोक्ता समूहहरु तथा अन्य सरोकारवालाहरु बीच समान बुझाइ ल्याउनको लागि चेतना बढाउने | – प्रचार-प्रसार तथा शैक्षिक कार्यक्रम वाट<br>– वैठक तथा अन्तर्कियाबाट<br>– वन श्रोत आकलन (इन्भेन्ट्री) समावेश गरी वन कार्ययोजना वनाएर<br>– व्यवस्थापन कार्यहरु तोकेर | जि.व.का., वन विभाग, गैरसरकारी संस्थाहरु, नटवर्कहरु, परियोजनाहरु |
| राष्ट्रिय (नीतिगत) तहको समूह | | |
| दिगोपनको महत्वको बारेमा चेतना वृद्धि गर्ने | – वनको दिगोपन कायम गर्नको लागि वन उपभोक्ता समूहको भूमिकाको बारेमा सचेत गराएर<br>– विभिन्न सरोकारवालाहरुको भूमिका तथा दायित्व, स्पष्ट पर्न जन वकालत गरेर<br>– सवै तहमा आफ्नो भूमिका निर्वाह गर्ने प्रतिवद्धता सूनिश्चित गरेर<br>– वैठक गोष्ठी तथा अन्तरकियाको माध्यमबाट सवै तहका सरोकारवालाहरु बीच समन्वय वढाएर<br>– सामुदायिक वनको दिगो व्यवस्थापनलाई सहयोग पुग्ने प्रभावकारी कियाकलाप लागू गर्न सम्वन्धित संस्थाहरुलाई प्राविधिक सहयोग दिएर | सवै सरोकारवालाहरु<br>वन विभाग, वन मन्त्रालय, जिल्लास्तरका सम्वन्धित सरकारी कार्यालयहरु तथा स्थानीय स्तरका सरोकारवालाहरु |

६.५.२. स्थानीय उपयोग सम्वन्धी आवश्यकताहरुसँग संरक्षरण सम्वन्धी आवश्यकताहरु बीच कसरी संतुलन कायम गर्ने ?

राष्ट्रिय स्तरको समूहले मात्र यस चुनौति सम्वन्धमा काम गरेको थियो ।

| के गर्न सकिन्छ ? | कसरी गर्ने ? | कसले पहल गर्ने ? |
|---|---|---|
| संरक्षण सम्वन्धी आवश्यकता र उपयोग सम्वन्धी आवश्यकताको बीचमा संतुलन कायम गर्ने | – विकल्पहरु पत्ता लगाएर<br>– पारिस्थिकीय प्रणाली पद्धतिको माध्यमबाट जैविक विविधतालाई प्रवर्धन गरेर<br>– संतुलन कायम गर्ने, नीति निर्माण र सोही अनुसारको योजना तर्जुमा भए नभएको सुनिश्चित गरेर<br>– सामुदायिक वनमा गैर काष्ठ वन पैदावारको प्रवर्धन गरेर | निर्देशिका निर्माण गर्ने काममा वन मन्त्रालय, वन उपभोक्ता समूह लगायत अन्य सवै सरोकारवालाहरु |

७. समापन सत्र

७.१. विर्ख कान्तिवाट कविता वाचन :

विर्ख कान्तिले कार्यशाला गोष्ठीका सहभागीहरुलाई गोष्ठीमा उनीहरुको सहभागिता, प्रजातन्त्र र न्यायोचितताको मनसाय के हो भन्ने बारेमा प्रश्न गर्दै भइराखेको विकास प्रक्रिया तथा गरिबी निवारण सम्वन्धमा समालोचनात्मक कविता वाचन गर्नु भएको थियो ।

७.२ संखुवा-सभाका जिल्ला वन अधिकृत धिरेन्द्र सिंहको वक्तव्य :

वन कर्मचारी तथा प्राविधिकहरु जनता र राष्ट्रका लागि समर्पित छन् । उनीहरु गतीशील, प्रगतिशील तथा नौला कुराहरुको खोजी गर्ने गर्दछन् । केही ठाउँमा वन कर्मचारी र वन उपभोक्ता समूह एवं अन्य सरोकारवालाहरुको बीचमा वादविवाद हुन सक्छन् तापनि त्यस्ता वादविवाद खास विषयको बारेमा हुने हुनाले त्यस्ता वादविवादलाई सामान्यीकरण गर्न मिल्दैन । जिल्ला वन अधिकृतहरुले जनताको भलाइको लागि काम नगरेका केही अपवादहरु होलैजान् तापनि अधिकांश वन अधिकृतहरु जनमुखी नै छन् र आफ्नो कामप्रति व्यवसायमा पूर्ण रुपले समर्पित एवं प्रतिवद्ध छन् ।

वन ऐन २०४९ र वन नियमावली २०५१ निकै नै प्रगतिशील तथा लचिला छन् र यी कानूनी संरचना भित्र निहित लचिलोपनालाई स्थानीय तहका जटिलताहरु तथा गरिबीसँग सम्वन्धित सवालहरु समाधान गर्ने माध्यमको रुपमा प्रयोग गर्नुपर्छ । सामुदायिक वनलाई गरिबमुखी तथा

न्यायोचित वनाउनका लागि विभिन्न तहमा काम गर्ने वन कर्मचारीहरुले विद्यमान नीति र कानून भित्र रहेर आवश्यकता अनुसार उपायहरु पत्ता लगाउन कोशिस गरिरहेका छन् ।

प्राय: सवै जसो पहाडी जिल्लाका वन कर्मचारीहरु स्थानीय जनतासँग सहकार्यत्मक सम्वन्ध स्थापना गरेर काम गर्दैछन् । जिल्ला वन अधिकृतहरुले एकै पटक धेरै किसिमका दायित्वहरु वहन गर्नु पर्ने हुन्छ । यी दायित्वहरुमा प्राविधिक, व्यवस्थापक र प्रशाशक हुनु पर्ने दायित्व प्रमुख हुन् ।

वन कर्मचारीहरु वनको दिगोपना प्रति पनि उत्तिकै संवेदनशील छन् । त्यसैगरी नै उनीहरुले गरिब र अवसरवाट वञ्चित समूहहरुलाई सामुदायिक वनको प्रकियामा सहभागी हुन सक्षम बनाउनको लागि  हर प्रयत्न गरिरहेका छन् तापनि त्यस्ता समूहको सामुदायिक वनमा अधिकार सुनिश्चित गर्ने कुरा एउटा चुनौति कै रुपमा खडा हुदैछ ।

नेपालमा ग्रामीण क्षेत्रका जनताको जीविकोपार्जन कृषि, वन, वस्तु भाउको व्यवस्थापन र उपयोगमा आधारित छ । वनको विकासले कृषि तथा पशुपालनमा ठूलो टेवा पुऱ्याउँछ । यसरी जीविकोपार्जनका ती महत्वपूर्ण पक्षहरुलाई एकीकृत गर्नु पर्ने आवश्यकता छ र यसको लागि सम्वन्धित संस्थाहरुको बीचमा दिगो तथा न्यायोचितता विकासका लागि सम्वन्धित संस्थाहरुको बीचमा समन्वय र सहकार्य हुनु उत्तिकै महत्वपूर्ण छ ।

जिल्ला वन अधिकृतहरु सधै नै विकेन्द्रीकरण र जनताको अधिकारको पक्षमा छन् र सम्वन्धित संस्थाहरुसँग नजिकको सम्वन्ध राखेर काम गर्छन् ।

### ७.३. वन उपभोक्ता महासंघका अध्यक्ष श्री भीम प्रसाद श्रेष्ठको वक्तव्य

वन क्षेत्रको दिगो तथा न्यायोचित विकासको लागि सरकारी निकाय, नागरिक समाज तथा नीजि क्षेत्र लगायत सवै निकायहरु जिम्मेवार तथा उत्तरदायी हुनुपर्छ । जन वकालत विरोधको लागि मात्र गरिनु हुँदैन । त्यस्तै गरी जन वकालत भनेको विवादको स्वरुप मात्र पनि होइन । सरकारी वा प्रत्येक संस्थाको चाहे त्यो सरकारी होस् वा नागरिक समाज, आ-आफ्नै उद्देश्यहरु हुन्छन् । वन उपभोक्ताहरुको अधिकार प्राप्त गर्ने उद्देश्य पूरा गर्न वन उपभोक्ता महासंघले सरोकारवालाहरुलाई प्रभाव पार्नु पर्ने वा दवाव समेत दिनु पर्ने हुन्छ । जन वकालत भनेको नै यही हो । त्यसैले जन वकालतलाई विवाद, झगडाको अर्थमा लिइनु हुँदैन ।

सरकारी कर्मचारीहरु जागिरे मात्र नभई यस देशका नागरिक पनि हुन् । त्यसैले उनीहरु आफ्नो कामको सीमाभित्र रही वन वकालतमा समेत सहभागी हुन आवश्यक छ । न्यायमा आधारित (न्यायोचित) नागरिक समाजको स्थापना गर्नको लागि वन उपभोक्ता महासंघले वन उपभोक्ताहरुको पक्षमा वकालत गर्दछ । अन्य सरोकारवालाहरु पनि यही लक्ष्य प्राप्त गर्नको लागि काम गरिरहेका छन् । एउटै लक्ष्य प्राप्तिको लागि लागेका यी सरोकारवालाहरु बीच विवाद हुनु पर्ने कुनै कारणहरु छैनन् । सवै सरोकारवालाहरुले मिलेर समन्वय गरेर तथा सहकार्यवाट काम गर्न आवश्यक छ । त्यसैले यस कार्यशाला गोष्ठीले उठाएका 'सिकाइ र

सहकार्यवाट व्यवस्थापनमा सुधार गर्दै लैजाने' भन्ने जस्ता शव्दहरु अति नै उपयुक्त, समय सापेक्ष र व्यवहारिक छन् । यस गोष्ठीले प्रस्तुत गरेका विचारहरु महासंघको लागि कुनै नौला र नयाँ होइनन् । यस गोष्ठीका सहभागीहरुले ACM र वनको सुशासनको सम्वन्धमा ल्याएका कुराहरु काममा लागू गर्न महासंघले अपेक्षा गर्दै र जोड दिदैं पनि आएको छ । हामी महासंघलाई नेपालमा सुशाशन भएको एक नमूना संस्थाको रुपमा विकशित गर्न प्रतिवद्ध छौं ।

## ७.४ समष्टिगत संश्लेशष

डा. केशव कंडेलले कार्यशाला गोष्ठीवाट निष्कर्षहरुको समष्टिगत संश्लेशण प्रस्तुत गर्नुभएको थियो, जसका मुख्य बुँदाहरु निम्न अनुसार छन् :

वनको व्यवस्थापन भनेको एक जटिल काम हो । नेपालका गरिब ग्रामीण समुदायले अत्यन्त जटिल रुपमा वुनिएको आर्थिक, सामाजिक तथा प्राकृतिक प्रणाली भित्रको आफ्नो वनको व्यवस्थापन सफलतापूर्वक गरेका छन् । हामी यसमा गौरव गर्न सक्छौं ।

यस कार्यशाला गोष्ठीले वन व्यवस्थापनका सवालहरुलाई दुई तहवाट हेरेको छ । अवधारणागत तहमा हामीले सामाजिक, आर्थिक तथा प्राकृतिक प्रणालीलाई वुझ्ने प्रयत्न गर्‍यौं भने कार्यान्वयनको तहमा हामीहरुले आ-आफ्ना अनुभवहरुको आदान-प्रदान तथा चिन्तन मनन गरेर त्यसवाट सिकाइहरु हासिल गर्‍यौं । यी दुई पक्षलाई हेर्ने कुरा धेरै महत्वपूर्ण थियो । एकातर्फ हामी हाम्रो प्राकृतिक समुदायलाई संरक्षण गर्न कोशिस गर्दछौं भने अर्को तर्फ हामीले उपभोक्ताहरुको आधारभूत आवश्यकता पूरा गर्ने लक्ष्य हासिल गर्ने कोशिस गर्दैछौं । सिद्धान्त र व्यवहारमा हामी एकै साथ सञ्चालन हुने यी दुइ अलग-अलग प्रणाली बीचको अर्न्तक्रियामा काम गर्दैछौं । यस कार्यशाला गोष्ठीको अन्तिम सत्रमा हामीले राष्ट्रिय, जिल्ला र उपभोक्ता स्तरका विभिन्न सवालहरुलाई समाधान गर्ने रणनीतिगत एवं कार्यगत तहका विषयमा छलफल गर्‍यौं ।

सामुदायिक वनको अवधारणा र नीति अत्यन्त राम्रो छ भन्ने कुरामा हामी सहमत भई सकेका छौं तैपनि वनका प्राथमिक उपभोक्ताहरुको आवश्यकतालाई पूरा गर्ने किसिमले सुधार ल्याउनु भने अझै पनि वाँकि नै छ । यसको लागि वनमा आश्रित हुने व्यक्तिहरुको जीवनमा सकारात्मक परिवर्तन ल्याउन वन उपभोक्ता समूहको क्षमता अभिवृद्धि गरिनु झनै आवश्यक छ । यस कामको उत्तरदायित्व सवै सरोकारवालाहरुको हो ।

राष्ट्रिय स्तरका नीतिहरु राष्ट्रिय स्वार्थको आधारमा राजनीतिज्ञहरुले वनाउँछन् । जनताका आवश्यकता र चाहनाको आधारमा नीतिहरुलाई आकार दिने कामको भूमिका नागरिक समाजको हुन्छ । नीतिहरु व्यवहारिक महत्वका अनि लचकता भएका र सामाजिक परिवर्तनलाई समेटेर लैजाने पनि हुनु पर्छ । दुर्भाग्यवश यस्तो लचकतालाई राजनीतिज्ञहरुले हालसम्म आफ्नै स्वार्थलाई पूरा हुने गरी प्रयोग गरेको पाइएको छ । यसले गर्दा सामुदायिक वनको उद्देश्य र व्यवहारका विभिन्न तहमा भ्रम उत्पन्न गरेको छ । जिल्ला स्तरमा विभिन्न सरोकारवालाहरुको

बीचमा समन्वय भएको छैन भन्ने सवालहरु स्पष्ट रुपमा अगाडि आएका छन् । त्यसो हुँदा वन समन्वय समितिले समन्वयका सवालमा महत्वपूर्ण भूमिका खेल्न सक्छ ।
सामुदायिक वनको सफल कार्यान्वयन गर्ने एउटा पक्ष चाहिं उपभोक्ता तहमा कानूनी सचेतता हुनु पर्छ भन्ने कुरा महत्वपूर्ण विषय हो । सचेतताका दुईवटा पक्ष छन् : मागद्धारा सञ्चालित हुने र आपूर्तिद्धारा सञ्चालित हुने धेरै जसो सचेतता फैल्याउने काममा लागेका सरोकारवालाहरुले आ-आफ्नै मान्यता र आ-आफ्नै स्वार्थ पनि हुन्छ ।

गोष्ठीमा प्रतिवद्धतासँग सम्वन्धित सवालहरु पनि उठाइएका छन् । सामान्य रुपमा प्रतिवद्ध भए जस्तो जनाउने भन्दा पनि साँच्चै नै विश्वसनीय रुपमा प्रतिवद्ध हुनु वढी महत्वपूर्ण कुरा हो । सिकाइ र सहकार्यवाट व्यवस्थापनमा सुधार गर्दै जाने पद्धति (ACM) को गूढ कुरा भनेको ‘सिकाइ’ हो र यसलाई संस्थागत गर्नु अति नै महत्वपूर्ण कुरा हो । सिकाइको सञ्चार सवै तहमा हुनु अर्थात एक ठाँउका व्यक्ति वा संस्थामा भएका सिकाइहरु सवैतिर सञ्चारित हुनु अति नै महत्वपूर्ण पक्ष हो । यसमा हामीले हाम्रा उत्तम व्यवहारहरु अरुले पनि सिक्ने गरी कसरी सञ्चारित गर्छौं भन्ने कुरा चाहिं यसभित्र निहित प्रश्न हो ।

यस कार्यशाला गोष्ठीले हामी सवैको लागि केही महत्वपूर्ण अनुसन्धानका विषयहरु हाम्रो सामुन्ने राखि दिएको छ । ती विषयहरु निम्न अनुसार छन् :

१. जीविकोपार्जन र वनको दिगोपनाको सवालहरुमा काम गर्नको लागि ACM ले के-कस्तो योगदान पु¥याउँछ ?
२. ACM को कार्य, प्रभावकारिता र सहकार्यमा के-कस्ता अवस्थाहरुले प्रभाव पार्दछन् ?
३. ACM लागू गर्नको लागि के-कस्ता रणनीति पद्धति, साधन (tools) तथा विधिहरु अपनाइनु पर्छ ?

अत्यमा, CIFOR ले वैंककमा सञ्चालन गर्ने गोष्ठीमा नेपाल, फिलिपिन्स र इण्डोनेसियाको तर्फवाट सहभागिता हुनेछ, जसमा नेपालको तर्फवाट हामी नेपालको टीमले यस कार्यशाला गोष्ठीवाट प्राप्त निस्कर्षहरु उक्त गोष्ठीमा प्रस्तुत गर्ने छौं ।

## ७.५. कृतज्ञता एवं धन्यवाद ज्ञापन

यस गोष्ठीको सहायक सहजकर्ताको रुपमा वन मन्त्रालयका डा. भरत पोखेलले यस गोष्ठीको लागि सहयोग पुर्‍याउनु हुने सवै महानुभावहरुलाई धन्यवाद ज्ञापन गर्नु भयो । उहाँले गोष्ठी सञ्चालनको लागि आर्थिक सहयोग प्रदान गरेकोमा ADB लाई, गोष्ठीमा सहभागी भई योगदान पुर्‍याएकोमा गोष्ठीका सहभागीहरुलाई र अनुसन्धान प्रक्रियामा सहयोग पुर्‍याउने वन उपभोक्ता समूहका सदस्यहरुलाई र गोष्ठीको तयारी तथा सञ्चालन गर्न सहयोग पुर्‍याउने सवैलाई धन्यवाद दिनु भयो ।